# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

abhiyanweekly40@gmail.com

वर्ष : ३९ / अंक : ४ / २०७८ साउन २२ गते शुक्रबार / 6 Aug., 2021 / मूल्य रू. १०/-


## तुइन काण्डको सत्यतथ्य बाहिर आओस्

काठमाडौं । वैदेशिक रोजगारीमा हिडेका दार्चुलाका जय सिंहधामी तुइनवाट महाकाली नदि तर्दातदै भारतीय सशस्त्र सीमा वल (एसएसवी ) ले तुइनको लट्टा काटी हत्या गरेका छन् । यो घटना दार्चुलाको मालाघाटको हो । दार्चुलाको सदरमुकाम जान तुइनवाट महाकाली नदी तरी भारतको वाटो जानुको अर्को विकल्प छैन । भारतले वैधानिक रूपमा चारवटा मात्र सीमा विन्दु स्वीकार गरेको र त्यसभीत्र मालघाट नपरेको हुनाले जानीजानी एसएसवीले तुईनकाटी दिएको हो । मालघाटलाई सीमाबिन्दुमा नराखेपनि तुईन तरेपछि अपराध गरेको भए , मुद्धा चलाएर कारवाही गरेको भए हुन्थ्यो तर हत्या नै किन गऱ्यो । दार्चुला विकट र सुरक्षाको दृष्टिले समवेधनशिल जिल्लाभित्र पर्दछ । भारतको सिमा जोडिएको हुनाले सिमाकै कारण विवादित रहेको छ । त्यहाका नेपाली जनताले भारतीय भूमी नटेकी दैनिक

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanonline.com मा पनि पढ्न सकिन्छ ।

## आफ्नो आङको भैंसी नदेख्ने, अरूको आङको जुम्रो

काठमाडौ । शेर बहादुरको नेतृत्वमा सरकार गठन भएको तीन हप्ता भन्दा बढी भएपनि प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद्लाई पूर्णता दिन सकिरहेको छैनन् । त्यही कारण सरकारका काम कारबाही प्रभावित भईरहेका बेला माधव नेपाल समूहले सत्ता गठबन्धनसँग थप केही समय माग गरेको छ । नेपाली कांग्रेसको नेतृत्वमा बनेको गठबन्धनले जुनसुकै सर्तमा पनि माधव नेपाल समूह लाई सरकारमा सामेल गराउन चाहिरहेको छ । प्रधानमन्त्री देउवाले माधव समूहलाई सरकारमा सहभागि गराउने जिम्मेवारी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई दिएका छन् । नेकपा एमाले भित्र पार्टी एकताको प्रयास भईरहेको बेला माधव नेपाल र दाहालबीचमा प्रत्येक दिन भेटघाट भईरहेको छ ।

प्रधानमन्त्री देउवा र दाहाल मावध समूहलाई सरकारमा सहभागि बनाएर नेकपा एमालेलाई एक्ल्याउन चाहिरहेका छन् । नेकपा एमाले विभाजित भएको खण्डमा त्यसको फाइदा आफूलाई हुने ठहर पुष्पकमल

>>> बाँकी ८ पेजमा

## कुलमान घिसिङ बिजुली हाकिम पिसिङ

काठमाडौं । नेपाल विद्युत प्राधिकरणका कार्यकारी हितेन्द्र देव शाक्यलाई ठाडै राजीनामा मागियो । किन ?गलत काम गरेको भए कारवाही हुनुपर्छ । कुलमान घिसिङ्लाई जिम्मेवारी दिनका लागि ठाडै राजीनामा मागिनु हुकुमी शासन भयो कि लोकतान्त्रिक ?हो, कुलमान घिसिङले राम्रो काम गरेर लोडसेडिङ मुक्त बनाए । उनी प्रशंसाका पात्र छन् ।

उनैलाई ल्याउनु पर्ने भए तरिका मिलाएर ल्याउनु पर्छ, जिम्मेवारी दिनुपर्छ । सक्षमलाई जिम्मेवारी दिनैपर्छ । यसको अर्थ कुनै कर्मचारीलाई अपहेलित गरेर राजीनामा दे भन्नु कसरी उचित हुनसक्छ ? कुलमानले

>>> बाँकी ८ पेजमा

# देउवा र दाहालको चाहना एमालेबाट माधव समूह विभाजित होस्

## देउवाले विश्वासको मत गुमाए फेरि प्रतिनिधिसभा विघटन हुने

काठमाडौ । नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवाको नेतृत्वमा बनेको गठबन्धन सरकारले आजसम्म पूर्णता पाउन सकेको छछैन । कांग्रेस, माओवादी केन्द्र, जसपा, माधव नेपाल समूह र राष्ट्रिय जनमोर्चाको पाँच दलीय गठबन्धन बनाएर उनीहरु तत्कालिन प्रधानमनत्री केपी ओलीले विघटन गरेको प्रतिनिधिसभा पुर्नस्थापना र प्रमुख प्रतिपक्षी दलका नेता देउवालाई प्रधानमन्त्री बनाउनुपर्ने माग गर्दै सर्बोच्च अदालतमा पुगेका थिए । सर्बोच्च अदालतको सम्वैधानिक इजलासले परमादेश दिँदै देउवालाई प्रधानमन्त्री नियुक्त गर्न र विघटित संसद पुनस्थापना गर्न आदेश दिएको थियो, सोही आदेश अनुसार देउवा असार २९ गते प्रधानमन्त्रीमा नियुक्त भएका थिए भने संसदको बैठक समेत बसेको थियो । हाल पनि संसदको बैठक बसिरहेको भएपनि संसद कामविहिन अवस्थामा रहेको छ । तत्कालिन सरकारले संसदमा दर्ता गराएका कतिपय विधेयकहरु संसदमा अलपत्र परेका छन् भने देउवा सरकारले हालसम्म एउटा पनि विधेयक संसदमा पेश गर्न सकेको छैन ।



मुलुक कोरोना भाइरस र बाढी पहिरोबाट पिडित भएको छ । जनताले सहज रूपमा कोरोना भाइरसको खोप लगाउन पाएका छैनन् भने बाढी पहिरोबाट पिडित भएका जनताले राहतसम्म पाउन सकेका छैनन् । यस्तो जटिल अवस्थामा मन्त्रिपरिषद्ले पूर्णता नपाउनु भनेको गठबन्धन दलहरूको असफलता र अकर्मण्यता नै हो । कांग्रेस, माओवादी केन्द्र, जसपामा समेत मन्त्री बन्नेहरूको होडबाजी चलेको छ । गठबन्धनमा रहेको राष्ट्रिय जनमोर्चाले सरकारमा सहभागि नहुने निर्णय गरिसकेको छ भने उपेन्द्र यादव पक्ष सरकारमा सहभागि हुने भनिएपनि पार्टीभित्रको आन्तरिक द्वन्द्वले ऊ सरकारमा सहभागि हुन सकिरहेको छैन । कांग्रेसभित्र रहेका गुट उपगुटहरूको व्यवस्थापन गर्न पार्टी सभापति एवं प्रधानमन्त्री देउवालाई हम्मे हम्मे परेको छ । संस्थापन पक्ष इतर पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेल, कृष्णप्रसाद सिटौला लगायतका गुटहरु रहेका र उनीहरूले समेत आ आफ्नो पक्षले मन्त्रालय पाउनुपर्ने माग गरेका हुनाले देउवाले

>>> बाँकी ८ पेजमा

## विघटन गलत थियो भन्न माधव समूह सरकारमा !

काठमाडौ । प्रधानमन्त्री शेरवहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल माधव नेपाल समुहलाई जसरी भएपनि सरकारमा सहभागी गराउन चाहिरहेका छन् । आखिरी किन त ? किन उनीहरु नेकपा एमालेलाई विभाजित गराएरै भएपनि माधव समुहलाई आफ्नो पक्षमा लिन चाहिरहेका छन् त ? अहिले उठेको यो प्रश्न हो ? देउवा सरकारले आफ्नो नेतृत्वमा वनेको सरकारलाई तिन हप्ता भन्दा वढी समयसम्म पनि पूर्णता दिन सकिरहेको छैन । सरकारले पूर्णता नपाउन कामकारवाहिमा अवरोध उत्पन्न भएको छ । देखाउनका लागि देउवा र दाहालले माधव नेपालले निर्णय नदिदा सरकारले पूर्णता नपाएको वताएपनि काग्रेस र माओवादी भीत्र मन्त्री वन्नेहरूको होडवाजी चलेको हुनाले उनीहरु समेत अप्ठ्यारोमा परेका छन् । माधव नेपाल सरकारमा सहभागी हुने मनस्थितिमा रहेका भएपनि उनको समुहका अन्य नेताहरूले भने पार्टी एकताकै पक्षमा रहेकाले आफु सकिन सक्ने अवस्थामा नेपाल पुगेका हुनाले उनले निर्णय लिन सकेका छैनन् ।


देउवा सरकारको आयु अर्थात प्रतिनिधिसभाको कार्यकाल लगभग १७ महिना वाँकी रहेको छ । देउवा र दाहालले प्रतिनिधिसभाको कार्यकाल पुरा होस् भन्ने चाहिरहेका छन् । केपी ओलीले प्रतिनिधिसभा विघटन गरेकालाई गलत सावित

>>> बाँकी ८ पेजमा

## भारतको दानव दृश्य हेर्ने सरकार ?

काठमाडौं । भारतीयसुरक्षा कर्मी एसएसवीका कर्मचारीले तुइन काटेर महाकाली तर्न लागेका जयसिंह धामीलाई महाकालीमै खसालिदिए । जयसिंह धामी बेपत्ता भए । प्रत्यक्षदर्शीले बताएअनुसार उनी महाकाली नदीमै हराए ।परिवारजनले कुशको शरीर बनाएर जयसिंह धामीको काजकिरिया पनि गऱ्यो ।सरकार भन्छ– छानबिन समिति बनाएको छ, रिपोर्ट आएपछि सरकार बोल्छ । नागरिकलाई विदेशीले मारिसक्यो । प्रत्यक्षदर्शीले तुइन काटेर भारतीय सुरक्षाबलले खसालेको भनिसके । अब फेरि केको छानिबिन । नेपाल र भारतका अधिकारीले समेत गएर हेरिसके, बोलेनन् । अर्थात सरकार

>>> बाँकी ८ पेजमा



## माधव नेपालका सर्तमाथि सतैसर्त

काठमाडौँ । पूर्व प्रधानमन्त्री एवं एमालेका वरिष्ठ नेता माधव कुमार नेपालको व्यवहार पछिल्लो समयमा सत्ता पक्षसग मिल्छ । तर कानुनी हैसियतमा उनी प्रमुख प्रतिपक्षी दलका नेता हुन् । केहिमहिना अघिदेखि उनी नेकपा एमालेलाई फाइदा पुग्ने भन्दा सत्ताधारी गठवन्धनलाई नै फाइदा पुग्ने गरी अघि बढेका छन् । कहिले सत्तामा आफ्नो समुह सहभागी हुने भन्दै आएका छन् भने कहिले आफ्नो समुह नेकपा एमालेमा नै रहने भन्दै आएका हुनाले उनको समुहको रणनितिले गर्दा सत्ता गठवन्धनमा र नेकपा एमाले नै अनिर्णयको बन्दी जस्तो देखिएको छ । नेकपा एमाले भीत्रको आन्तरिक द्वन्दलाई व्यवस्थापन गर्न



भन्दै पार्टी अध्यक्ष केपी ओली र नेता नेपालविचमा सहमति भएर दुवै पक्षमा ५/५ जना रहेका कार्यदल गठन गरिएको थियो । सो कार्यदलले एकताको प्रस्ताव तयार गरी दुवै नेतालाई वुझाई सकेको भएपनि माधव नेपालले त्यसलाई स्वीकार गर्न सकेका छैनन् भने नेकपा एमालेले सो प्रस्ताव कार्यान्यन मै लागि सकेको छ ।

नेता नेपालले पटक पटक आफ्नो माग अघि सार्दै आएका छन् । मागहरु थपिदै गएका हुनाले माधव समूह भीत्रै पनि उनको विरोध शुरू भएको छ । विपक्षीदलका नेता लाई प्रधानमन्त्री वनाउन राष्ट्रपतिकहाँ धाउने देखि हस्ताक्षर गर्ने कार्यमा माधव

>>> बाँकी ८ पेजमा

# CPEC & CHESSBOARD OF REGIONAL POWER POLITICS

**Mr Kumar**

CHINA-Pakistan Economic Corridor (CPEC) is the flagship project of One Belt One Road Initiative (BRI). It is meant to "accelerate" socio-economic prosperity, massive industrialization, vast network of Special Economic Zones (SEZs), infrastructural development and last but not the least, digitalization.

Moreover, it is meant to "eradicate" poverty, unemployment, shortage of skilled labour and, of course, attract more and more Foreign Direct Investment (FDI) through the ideal combination of "public-private" partnership.

But unfortunately, the chessboard of regional power politics has made an alliance of "obstruction", "destruction" and "devastation" against Pak-Sino friendship and, of course, CPEC. On its part, right from the beginning, China strongly "refuted" suggestions and allegations to have hidden military designs of CPEC. Beijing pledged to invest about $62 billion in Pakistan by 2030 to develop ports, highways, motorways, railways, airports, power plants and other infrastructure in the neighbouring country, traditionally a strong ally. In this connection, most of the mega projects of energy and infrastructural development have been completed. Some hydropower projects are being carried out which would produce "cheap" and "pollution" free energy enabling Pakistan to achieve the optimal goal of carbon "neutral" position in the country. The Chinese also expanded and operationalized the Pakistani deep water port of Gwadar on the Arabian Sea, which is at the heart of massive bilateral cooperation.

According to the latest news, the government has now decided to fully "operationalize" the Gwadar Seaport which would be a "value-addition" in the macro-economy of Pakistan. Western media has been propagating that Gwadar Seaport is not rooted in trade, giving China a quicker route to get goods to the Arabian Sea, but it also gives Beijing a strategic "wild-card" to play against India and the USA if tension worse to the point of naval blockades as the two powers increasingly confront each other at sea.

Moreover, formation of "Asian Quad" is another "strategic move" of the US and its strategic allies in the region, especially India to encircle China. Nevertheless, foreign office of China repeatedly clarified about BRI and CPEC true aims and objectives which do not have any kind of "military" or "ill strategic design" against any country in the region and beyond.

Even Chinese Foreign Office welcomed the United States and India to "come to the CPEC project" and "witness the progress on the ground" for themselves, saying it will enable them to overcome misunderstanding. But still both countries are in a state of "denial", "disbelief" and "disorientation" and have been twisting the facts just to "malign" Pakistan and China in the larger context of the chessboard of regional power politics. Time and again Chinese officials showcased CPEC total transparency and accountability. They have been upholding that it does not have any hidden agenda.

The Chinese side responded to concerns expressed in Washington and New Delhi that Beijing could try to turn Gwadar into a military port in the future to try to dominate the Indian Ocean.China strongly rejected all these "baseless" accusations of the Western media "perpetuated" by the US, EU and India.

On its part, most recently, Defence Minister Pervez Khattak again clarified that CPEC did not have any military designs, rather the mega project of China's Belt and Road Initiative (BRI) aimed at economic development of the region.

Talking to his Belarusian counterpart, Lt-Gen Viktor Khrenin on the sidelines of the Shanghai Cooperation Organization (SCO) Defence Ministers conference in Dushanbe, Tajikistan Khattak reiterated Pakistan's commitment to facilitating peace efforts in Afghanistan.

The Defence Minister assured that CPEC would contribute towards "peace", "stability" and "economic" development in the region. Even Foreign Office of Pakistan has been showcasing the economic orientation of CPEC. The CPEC helped Pakistan improve its economy, particularly energy and infrastructure sectors. It termed the CPEC a bilateral economic project which is not against any country.

Due to rapidly changing geopolitical and geostrategic compulsions of power politics the government has deployed 15,000 military personnel, as part of the Special Security Division (SSD) and Maritime Security Force (MSF), to protect projects under the umbrella of the CPEC.

It seems that both forces will work under the Interior Ministry in coordination with the provinces to ensure the safety of locals and foreigners working on CPEC projects. On its part, the SSD will provide security to 34 CPEC-related projects, while the MSF will safeguard the Gwadar port and other coastal areas of the country.

The SSD had been deployed in six zones from Gwadar to Gilgit-Baltistan, including all four provinces and Azad Jammu & Kashmir (AJK). Being a prominent regional expert of China, CPEC & BRI, I endorse that the Belt and Road Project and its flagship project CPEC are "purely" economic projects with peaceful intent. It does not have any military ambitions.

Emerging military alliances have been formed to topple the imminent spill-over repercussions of Afghanistan and gain lion's share in the new regional alignment. Even the US and India have signed strategic partnership to counter Chinese economic and geopolitical domination.

US-Japan signed a military accord to protect its vested interests. Furthermore, Australia has been playing the role of "middle power' in the Pacific region to "supplement" socio-economic, geopolitical and geostrategic interests of the US against China. The chessboard of regional power politics has been trying to harm the regional aspirations and global interests of China through imposition of trade restrictions, embargos and socio-economic sanctions on China and its allies.

Incompletion of the long awaited Iran-Pakistan Gas Pipeline is the prime example of US untamed look/attitude towards Chinese allies. Even some IT companies have also been sanctioned having commercial ties and propositions with China and Iran.

Withdrawal of the US from Afghanistan has also increased incidents of targeting terror against Chinese personnel attached to CPEC projects in Pakistan. Regional spoilers India and USA have already waged full-fledged hybrid war against Pak-China friendship and CPEC due to which some pseudo intellectuals and fragmented and fugitive elements of TTP and Baloch insurgents are scheming ill designs in the country.

Last week China made a historic strategic move and hosted Taliban delegates in the country. China, being a regional strategic balancer and global bearer of unilateralism and equitable world has certain economic and security concerns due to increasing ungoverned spaces in Afghanistan.

Moreover, Afghanistan, being a member of BRI having bright prospects of being connected or extended transit trade with Pakistan/Gwadar Seaport and greater regional connectivity with Central Asian Countries through CPEC has special consideration and place in the modern foreign policy of China.

Pakistan's transition from geopolitics to geo-economy is the resultant of the grand success of BRI, CPEC in which Chinese philosophy of shared prosperity has played a vital role. CPEC stands for rigorous socio-economic prosperity which is the real defender of a nation's present and custodian of future.

Economic reliance disseminates disintegration and the (former) Soviet Union is the prime example of it. Economic meltdown and useless martial campaigns of the ancient times resultant out-rooted and doomed of many splendid empires. Thus USA, India and all enemies of development should not forget the lessons of history that military misadventures achieve nothing but strains on budgetary allocations, burdens on monetary policies and fatal propositions on fiscal policies.

# A woman's independent legal identity

**Durdana Najam**

Islam gives women the right to make independent choices and full legal protection to use those rights for the benefit of their financial and social lives. It was therefore perplexing when the Federation's lawyer in a recent high-profile case — while quoting from verse 4:34 of the Quran, which makes men the provider for the wellbeing of women within the family — argued before Supreme Court that a woman can neither own property nor make economic decision without the consent, approval and involvement of her husband. How this verse has relevance to the argument is anybody's guess. The bench was rather quick to reject the reference to the Quranic verse because of its inapplicability to the case, but the questions of the rights of women in law and in Pakistan and what difference a woman's financial independence and empowerment makes to a society need to be addressed.

Any notion of a woman's dependability on men for her survival or her self-esteem has been dispelled by the Quran in various places. Such as when it says that all human beings are equal in the eye of Allah and that punishment for sin shall be administered accordingly irrespective of the gender. Every ruling and law delineated in Islam applies to men and women on the scale of parity. The only exception where women are placed higher in position to men is the realm of motherhood. Which is an act of creation, and deserves to be honoured, appreciated, and respected by the children and society at large.

The renowned scholar, jurist, and authority on Muslim law, Mr Justice Syed Ameer Ali, in his classical work Muhammadan Law (Volume-2), has expounded that marriage is a contract between two people and does not give any one of them the right to each other's property. He further explains that a husband cannot overshadow the legal identity of his wife, in fact, she retains full right to own, use, and dispose of her property at her discretion. By virtue of this provision of entitlement, a woman does not require the consent of her husband to do business or make financial deals. He further clarifies that she is not under her husband's legal guardianship and may even sue him.

Fortunately, all these rights are also protected by the Constitution of Pakistan and the law operating under it. It must be borne in mind that any misinterpretation of law or ruling that impinges on the rights of Muslim women could also make legal battles difficult for non-Muslim women who are equal Pakistani citizens, with constitutional and legal rights.

This myopic approach will also adversely affect the struggle of women for freedom from oppression and male domination. Whether we like it or not the fact is that a woman with the drive to have financial independence is more productive and beneficial for society than otherwise.

According to a survey conducted by the International Monetary Fund in 2018, Pakistan's GDP can rise up to 30% with increased women empowerment and their enhanced role in the labour force. According to another analysis by the global investment bank, Goldman Sachs, with the inclusion of women in financial activities the underdeveloped and developing countries could increase their per capita income by 14% by 2020 and 20% by 2030. As Goldman Sachs chief executive Lloyd Blankfein stated, "We are disciplined in our investment, and when you get to the topic of trying to invest and create GDP, there is no better or more efficient investment — no lower hanging fruit in the world to pick — then the investment you make in women."

In its latest report titled, "Pakistan @100: Shaping the Future," the World Bank argues that Pakistan has only used 40% of its human resource potential which translates into poor economic growth. To reverse this situation, Annette Dixon, the World Bank's president suggests Pakistan "to unlock women's potential."

Gender is no more considered the sole determinant of a person's success or failure. The social, economic, and political milieu together becomes the deciding factor. With this new pivot women's entrepreneurship rights have gained legal support. The world has moved from "what is wrong with the women" to "what is wrong with the system".

For an inclusive society, Pakistan has to create a system free of structural violence that does not impede development and self-enhancement, especially of women. For this to happen, one has to be careful in the interpretation of laws and understanding of Islamic jurisprudence.

This scholarly debate on women empowerment both within the religious and economic context has ceded her enormous space to prove her talent, mental prowess and abilities to excel. Any remark that tends to damage or take this fire away will only be a disservice to the greater cause of unlocking the shackles that restrain progress and development.

# एमसीसीले देश बनाउला कि बगाउला ?



• राजन कार्की
rajan2012karki@yahoo.com

एमसीसी नभए देश विकास हुन्न, एमसीसी भनेको नेपाल–अमेरिका सम्बन्धको सूत्र हो । देश विकासका लागि एमसीसी चाहिन्छ चाहिन्छ भनेर सहमत हुने, सही गर्नेहरु यतिबेला सत्तामा छन् । प्रतिपक्षमा छन् । तर अचम्म, एमसीसीमाथि राजनीति गरिरहेका छन् । भन्न सक्दैनन्- एमसीसी ठिक छ । भन्न सक्दैनन्- एमसीसी यसकारण नेपालका लागि अपरिहार्य योजना हो । सडकमा विरोध गर्नेहरु सत्तामा जान्छन् र समर्थन गर्छन् ।

सत्ताबाट सडकमा आउनेहरु एमसीसी पास भयो भने नेपालै नरहने, संविधानै नरहने, सार्वभौमिकता नै खुम्चिने बताउँछन् । यतिमात्र होइन, एमसीसी पास भयो भने अमेरिकी सेना आउँछ र आमा, दिदीबहिनीलाई बलात्कार गर्छ समेत भन्छन् । यति गम्भीर विषयमा राष्ट्रिय बहस गरेर किन निर्क्यौलमा नपुग्ने ? बहस गर्न कोही तैयार छैनन् । सबै आ–आफ्ना मत, बिमतहरु जाहेर गरिरहेका छन् । पत्रपत्रिका र सामाजिक सञ्जालमा नेपाल र नेपालको राजनीति एमसीसीमय बनेको छ । प्रधानमन्त्री शेरवहादुर देउवाले सर्वदलीय गोलमेच सम्मेलन गरेर एमसीसीका विषयमा बहस गरेर एउटा टुङ्गोमा पुग्नु जरूरी छ ।

सडक र सत्ता, संसद र सामाजिक सञ्जालमा मारामार गरेर हुनेवाला केही छैन । यो त अस्थिरता र अराजकता फैलाउने मेलोमात्र हो । निश्चित रूपमा भारो–अमेरिकी दबाब, चीनको आक्रोसित व्यवहारले नेपाल अन्तर्राष्ट्रिय शक्ति संघर्षको मैदान बनेको छ । नेपाल रङ्गशाला होइन, विश्वकै जेठामध्येको राष्ट्र, राष्ट्रसंघको सदस्य र रणनीतिक रूपमा महत्वपूर्ण भौगोलिक क्षेत्र, नेपालको आफ्नै परराष्ट्रनीति छ भनेर देखाउन, बुझाउनका लागि समेत सर्वदलीय छलफल हुनु आवश्यक भइसकेको छ । अन्यथा दलको बलले एमसीसी पास गर्ने हो भने चीनले पनि आफ्नो सुरक्षाचासोलाई सशक्त रूपमा अगाडि बढाउन सक्छ । जुन नेपालको असंलग्न परराष्ट्रनीतिको अन्त्य हुनसक्ने छ ।

देशलाई एमसीसीले नबगाओस्, बनाउनेतिर लागोस् भन्नका लागिसमेत राष्ट्रिय सहमति खोज्न अबेर गर्नु भनेको नेतृत्वको असक्षमता ठहर्नेछ । एमसीसीमा वर्तमानसहित ७ सरकारहरु दोषी छन् । वर्तमानका कुनै पार्टी अथवा कुनै नेता एमसीसीमा सहमत छैन भन्ने कुरो होइन । तर कोही पास गर्नुपर्छ भन्छन्, कोही पर्दैन भन्छन् । एमसीसी यसकारण नेपालको हितमा छ, यसकारण पास गर्नुपर्छ कोही भन्दैनन् । सडकमा उठेको विरोधको स्वर सुनेर, सत्तामा उक्लने भऱ्याङ र सत्तामा टिक्ने तरिका सोचेर नेताहरु बोल्छन्- एमसीसी पास गर्नुपर्छ, एमसीसी पास गर्नु पर्दैन । पर्छ भने किन पर्छ, पर्दैन भने किन पर्दैन, कुनै नेताले जनतालाई बुझाउँदैनन् । एमसीसी जनताका लागि बम्बै लड्डु हो कि बर्जित फल ? जनता सत्ताधारीको कुरा सुन्छ, हो कि भन्ठान्छ । सडकको कुरा सुन्छ, ज्यानमारा रहेछ भन्ठान्छ । जनतामा अन्यौल छ । एमसीसी बारे अमेरिकाले कुनै कुरा ढाँटेको छैन । महामहिम राजदूत रेण्डी बेरीले स्पष्ट शब्दमा नेपाली र अंग्रेजी भाषामै भनेका छन्- एमसीसी इण्डोप्यासिफिक रणनीतिकै अङ्ग हो । एमसीसी विकास परियोजना हो । नेपालले चाहिन्छ भनेर सही गरेकाले आएको हो, चाहिन्न भने नलिए पनि हुन्छ । ५५ अर्वको एमसीसी बारे अमेरिकाले केही लुकाएको छैन । लुकाउने त हाम्रा नेता हुन्, जनप्रतिनिधि हुन् । सरकारमा जानेहरु हुन् । हाम्रै नेता भन्छन्- यो अमेरिकी सहयोग हो, यसलाई लिनुपर्छ । लिन्न भन्नु मूर्खता हो । सडकबाट आवाज आउँछ- एमसीसी लियो भने अमेरिकी सेना पस्छ । यो चीनविरोधी मोर्चा हो । अमेरिकी सेना पसेपछि नेपाल अर्को अफगानिस्तान बन्छ । एमसीसी मान्नु भनेको संविधानमाथि एमसीसीलाई ठान्नु हो । एमसीसीलाई संविधान, कानुन, नियम केही लाग्दैन । अमेरिकी हैकम मान्नु हो ।

के हो एमसीसी ? यसबारे सडकमा धेरै बहस भयो, बिरोध भयो । के भन्छन्- जनप्रतिनिधिहरु, ठूला पार्टीहरु ? एमसीसी लिसो टाँस्सिएझैं टाँस्सिइसक्यो । एमसीसी संसदमा पुगेको छ, टेबुल भएर पास भएको छैन तर सरकारले ५ तारे होटलमा कार्यालय राखेर र बजेट खर्चेर कार्यान्वयनमा ल्याइसकेको छ । राष्ट्रिय अपराध हो भने बहस गरेर दण्डित गर्नुपर्छ । राष्ट्रिय लाभकारी योजना हो भने जनतालाई पारदर्शी रूपमा बुझाउनु पर्छ । एमसीसीलाई यसरी रहस्य बनाएर राख्नु राष्ट्रहितमा छैन । विश्वसनीयताका दृष्टिले पनि यो उचित होइन । एमसीसी गहन विषय हो । जो जो सरकारमा गए, मन्त्री–प्रधानमन्त्री बने, ती सबै यसप्रति आशक्त छन् । यो सित्तैमा आएको लगानी भन्छन् । भनिन्छ, यही योजना पारित गराउने अमेरिकाले भारतलाई समेत कूटनीतिक समर्थनमा लिएर सत्तासमेत परिवर्तन गर्न भ्यायो ।

•••

सडक र सत्ता, संसद र सामाजिक सञ्जालमा मारामार गरेर हुनेवाला केही छैन । यो त अस्थिरता र अराजकता फैलाउने मेलोमात्र हो । निश्चित रुपमा भारो-अमेरिकी दबाब, चीनको आक्रोसित व्यवहारले नेपाल अन्तर्राष्ट्रिय शक्ति संघर्षको मैदान बनेको छ । नेपाल रङ्गशाला होइन, विश्वकै जेठामध्येको राष्ट्र, राष्ट्रसंघको सदस्य र रणनीतिक रुपमा महत्वपूर्ण भौगोलिक क्षेत्र, नेपालको आफ्नै परराष्ट्रनीति छ भनेर देखाउन, बुझाउनका लागि समेत सर्वदलीय छलफल हुनु आवश्यक भइसकेको छ ।

•••

कुटनीतिक जानकारहरु भन्छन्- भारतकै सहमतिमा जसपाका दुबै खेमाले देउवा सरकारलाई समर्थन दियो, सत्तामा जान तयार भयो । अब भारतकै सहमतिमा संसदले एमसीसी पारित गर्नेछ र इण्डोप्यासिफिक रणनीति अन्तर्गतको एमसीसीमा नेपाल औपचारिक रूपमा प्रवेश गर्नेछ । नेताहरूले जनतालाई मजाले धुलो छ्यापेर एमसीसी आइपीएसको अङ्ग होइन भनेर पारित गर्नेछन् । अर्थमन्त्री छन्- जनार्दन शर्मा । ओली सरकार हुन्जेल उनी एमसीसीको घोर बिरोधी थिए । अहिले अमेरिकी राजदूतलाई कार्यालयमै भेटेर पास हुन्छ भनेर पठाएका छन् । अर्थात्, सर्त परिवर्तन नगरी पारित हुन्न भन्ने माओवादी केन्द्रका प्रचण्डले अब बोली फेर्नेछन् र एमसीसी पास गर्न अगुवाको भूमिका खेल्ने छन् । यसैमा जनयुद्धकालीन माओवादीहरु सबैको कल्याण छ भन्छन् विश्लेषकहरु । तर खतरा उत्तरतिरको पनि छ । बिआरआईमा नेपाल संलग्न छ । चीनको सुरक्षा चासो बढी छ नेपालमा । तिब्बतसँगको सीमामा सुरक्षा तैनाथ गरेर राष्ट्रपति सी चिनफिङले भनेजस्तो चीनविरोधीलाई धुलोपिठो पार्न चीन कस्सिएर नेपाल प्रवेश गरिसकेको छ ।

यो स्थितिमा नेपालको समदूरी र असंलग्न परराष्ट्रनीतिको हरिबिजोग हुने जोखिम बढी छ । अर्थात हाम्रो नेपाल र हामी नेपालीलाई हाम्रै जनप्रतिनिधिहरूले खतरामा पारिरहेका छन् । हेक्का राखौं, यस्तै नेता चरित्रले १९७५ मा सिक्किम भारतमा विलय भएको थियो । यस्तै नेता चरित्रले अफगानिस्तान आतङ्कको अड्डा बनेको छ । हाम्रो हालत त्योभन्दा गए गुज्रेको हुने त होइन, भन्ने प्रश्न समेत जनमानसमा उब्जिएको छ ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ।

- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# नेकपा एमालेभित्र कठोर निणर्यको आवश्यकता


*संघीय ससदको प्रमुख विपक्षी दल नेकपा एमाले भीत्रको आन्तरिक द्वन्द्व तत्काल समाधान हुने अवस्था देखिएको छैन। तत्कालीन नेपाल कम्युनिष्ठ पार्टी हुदैँ उत्पन्न भएको द्वन्द अहिले चरम सिमामा पुगेको छ। नेपाल कम्युनिष्ठ पार्टी हुदैका वखतमा सत्तामा रहेकै वेला विवाद उत्पन्न भएको थियो। नेपाल कम्युष्ठि पार्टीको सर्वोच्च अदालतले २०७७ साल फागुन २३ गते दर्त्ता नै खारेज गरिदिएपछि तत्कालीन नेकपा एमाले र माओवादी केन्द्र अलग अलग अस्तित्वमा आएका थिए। तत्कालीन नेपाल कम्युनिष्ठ पार्टी हुदैको अवस्थामा पार्टीका दुई अध्यक्ष केपी ओली र पुष्पकमल दाहाल वीचमा पनि द्वन्द देखिएको थियो। त्यसवेला झलनाथ खनाल र माधव नेपाल सहितका वामदेव गौतम समेतले अध्यक्ष दाहाललाई समर्थन गरेका। त्यही कारणले गर्दा अध्यक्ष दाहाल सहितका अन्य नेताहरूले २०७७ साल कार्तिक २८ गते तत्कालिन प्रधानमन्त्री एव पार्टीका अध्यक्ष केपी ओली माथी १९ वुदे संगीन आरोप लगाएका थिए। फौजदारी कानुन अर्न्तगत कारवाही हुनुपर्ने आरोप पार्टी सचिवलयमै दर्त्ता गरेका थिए। पार्टीको सचिवलयमा दाहाल खनाल नेपालको बहुमत रहेकोले त्यसैबेला उनीहरूले पहिलो अध्यक्ष ओलीलाई कारवाही गर्ने प्रयास गर्दै आएका भएपनि केपी ओली नेतृत्वको सरकारले पहिलो पटक २०७७ पुष ५ गते प्रतिनिधि सभा नै विघटन गरेप्रश्चात पार्टी भीत्रको विवाद सडकमै छताछुल्ल हुन पुगेको थियो। प्रतिनिधिसभाको विघटनलाई सर्वोच्च अदालतको सम्वैधानिक इजालसले फागुन ११ गते असम्वैधानिक ठदर गर्दै विघटीत प्रतिनिधि सभाको पुनस्थापना गरी दिएपछि पनि नेकपा एमाले भीत्रको विवाद साम्य हुनुको बदला अझ तिव्र विवादमा फस्दै गएको थियो।*

*अदालतको फागुन २३ गतेको निणर्यनुसार नेकपा एमाले र माओवादी केन्द्र अलग अलग अस्तित्वमा रहेका भएपनि नेकपा एमालेभीत्रको विवाद समाधान हुन सकेन। त्यही विवादका कारण २०७८ जेष्ठ ८ गते फेरि दोस्रो पटक प्रतिनिधिसभा विघटन भयो। तत्कालीन प्रधानमन्त्री केपी ओलीले २०७८ वैशाख २७ गते प्रतिनिधिसभावाट विश्वासको मत लिने दिन माधव नेपाल समुहका २२ जना सांसद अनुपस्थित रहेर प्रधानमन्त्री आलीलाई विश्वासको मत लिनवाट असफल वनाई दिए। त्यति मात्र होइन उनिहले आफ्नै पार्टी अध्यक्षको विरुद्वमा प्रमुख प्रतिपक्षी दल नेपाली काग्रेसका सभापति शेरवहादुर देउवालाई प्रधानमन्त्री वनाउन विपक्षी दलको गठवन्धनमा सहभागी भएर २३ सासदले हस्ताक्षर नै गरी राष्ट्रपति कहाँ पुग्नु माधव नेपाल पक्षको महाभुल थियो। उनीहरू सवै नेकपा एमालेको झण्डा, चुनाव चिन्ह र उसैको घोषणा पत्रका आधारमा निर्वाचनमा गएर चुनाव जितेका थिए। जनताले व्यक्तिलाई भोट दिएका होइनन्। चिन्हलाई मतदान गरेका हुन्। माधव समुहले आफ्नै पार्टीको चुनाव चिन्ह, झण्डा र चुनावी घोषणा पत्रलाई उल्लघन मात्र गरेको छैन आफुलाई मत दिने जनताको समेत अपमान गरेको छ। पार्टी भित्रको विवाद पार्टीभित्रै वसेर समाधान गर्नु पर्नेमा विपक्षीदलको गठवन्धनमा सामेल भएर आफ्नै पार्टी अध्यक्षको नेतृत्वमा रहेका सरकार ढाल्नु कुन पद्धती भीत्र पर्दछ। अहिले पनि माधव नेपाल समुह विधि विधान र पद्धतीको कुरा उठाई रहेको छ। तर कस्तो विधि विधान र पद्धती माधव समुहलाई लागु हुने कि नहुने ? पार्टी अध्यक्ष केपी ओलीसँग माधव नेपाल पार्टीको नवौं महाधिवेशनमा पराजित भएका व्यक्ति हुन। पार्टी अध्यक्षसँग पराजित भएका व्यक्तिले पार्टी अध्यक्षकै समान हैसियतको समान अध्यक्ष पद चाहिन्छ भन्नु कुन विधि विधान र पद्धती अनि नेकपा एमालेका विधान भीत्र पर्दछ ?*

*पार्टीभित्रको देखिएको विवाद समाधान गर्न पार्टी अध्यक्ष ओली र माधव नेपाल कै समर्थनमा दुवैपक्षवाट ५/५ जना दोस्रो पुस्ताका नेताहरू रहेको कार्यदल गठन भएको र सो कार्यदलले विभिन्न पक्ष सग छलफल गरी आफ्नो प्रतिवेदन समेत तयार गरी दुवै नेतालाई वुझाईसकेको अवस्थामा माधव नेपाल समुहले माग माथी माग थप्दै जानुको अर्थ हो माधव नेपाल एमालेमा फर्किन चाहदैनन् भने पार्टी अध्यक्ष ओलीले माधव नेपाललाई दोस्रो अध्यक्ष पद दिने सार्वजनिक रुपमै उदघोष गरी सकेका भएपनि माधव नेपालले फेरि ओली झलनाथ खनाल र वामदेव गौतम रहेको सचिवालय गठन गर्नुपर्ने माग गरेका छन्। पार्टीको विधान अनुसार पार्टी अध्यक्ष ओलीको कार्यकाल समाप्त भएको ठहर माधव नेपालले गरेका छन्। कोरोना भाइरसको कारणले गर्दा काग्रेस माओवादी केन्द्र नेकपा एमाले, राप्रपा सहितका प्राय सवै दलका नेताहरूको कार्यकाल समाप्त भएको छ। तर त्यो समयलाई शुन्य समयमानी संविधानले व्यवस्था गरेअनुसार नै अहिले पार्टीहरू सञ्चालन भएकाले ओलीको कार्यकाल सकियो भन्नु र सचिवालय गठन गरौ भन्नुमा अर्को षडयन्त्र लुकेको छ। यदि ओलीले सचिवालय गठन गर्न मानेको खण्डमा सचिवालयमा माधव नेपाल पक्षको बहुमत हुने भएकोले माधव नेपालले त्यस्तो माग गरेको हुन्। त्यो मागभीत्रै पनि षडयन्त्र लुकेको छ।*

*पछिल्लो समयमा माधव नेपाल समुहले पार्टी नछोड्ने र पार्टी विरोधी गतिविधिमा पनि लागि रहने अनि पार्टीको केन्द्रीय समितिको वैठक लगायत अन्य महत्वपूर्ण वैठकहरूमा पनि सहभागी नहुने रणनितिमा लागेका जस्तो देखिन्छ। वोलीमा एकताको कुरा पनि उठाईरहने तर गठवन्धनको वैठकमा समेत सहभागी भइरहेको यो कुन पद्धती र विधि विधान भीत्र पर्दछ। माधव नेपाललाई एउटा दम्भले र घमण्डले सताईरहेका छ। २०६४ सालको संविधानसभाको निर्वाचनमा दुई /दुई ठाउँवाट पराजित हुदा त प्रधानमन्त्री वने भने अहिले त निर्वाचित हु भन्ने घमण्डले काम गरेको जस्तो देखिएको छ। आउँदो प्रतिनिधि सभाको निर्वाचनका मुख्य प्रतिस्पर्धी भनेका नेपाली काग्रेस र नेकपा एमाले नै हुन । उनीहरू वीचमै प्रतिस्पर्धी हुन्छ तर माधव समुह किन मुख्य प्रतिस्पर्धी सगैं कुममा कुम मिलाएर आफ्नो पार्टीलाई ध्वस्त वनाउने काममा लागेको छ। पार्टीगत स्वार्थलाई भन्दा व्यक्तिगत स्वार्थलाई हेरेर अघि वढेको खण्डमा आउदो निर्वाचनमा नेकपा एमालेको हैसियत कस्तो होला ? काग्रेस माओवादी केन्द्रको सहयोगमा माधव नेपाल पक्षका २/४ जनाले निर्वाचित जित्लान तर त्यसवेला उनीहरूको हैसियत कस्तो होला ,कुन पार्टीका यी। सवै कारणले गर्दा अव नेकपा एमालेले कठोर निणर्य गर्दै भरीसक्य पार्टीमा सवैलाई समेट्नु पर्दछ यदि कोही आउदैनन् भने उनीहरूलाई छोडेर भएपनि अघिवढ्नु उपयुक्त हुनेछ भन्ने हामीले ठानेका छौ।*

# मुखले एकता भीत्रभीत्रै सतैसर्तको थुप्रो



• देवेन्द्र चुडाल
devendrachudal@gmail.com

विगत डेढ वर्षदेखि नेपाली जनता आक्रन्त भएका छन् । विश्वभर मै फैलिएको कोरोना भाइरसले नेपाली जनतालाई आजसम्म पनि छोडेको छैन । अहिले सम्ममा झण्डै दश हजार नेपाली जनताले कोरोना भाइरस कै कारण ज्यान गुमाई सकेका छन् भने लाखौं जनता उक्त रोगवाट आक्रन्त भएका छन् । पछिल्लो समयमा कोरोना भाइरसवाट आक्रन्त भएका जनतामाथी वाढी पहिरोको विपत्ती थपिएको छ । ठीक त्यही वेला राजनितिक दलहरु भने सत्तापरिर्वतन र सत्ता हऱ्याउने दाउँमा लागेका हुनाले दलहरु नै विभाजित अवथामा पुगेका छन् । पछिल्लो समयमा नेकपा एमाले भीत्रको आन्तिरिक द्वन्दले गर्दा नेकपा एमाले पनि विभाजित कै अवस्था रहेको छ । एउटै पार्टीका सासदहरु सत्ता पक्ष र विपक्षी दलमा बसेका छन् । नेकपा एमाले भीत्रको विवादले गर्दा गण्डकी प्रदेशमा नेकपा एमालेको नेतृत्व रहेको सरकार ढलेको छ भने अहिले लुम्विनी प्रदेश र वाग्मती प्रदेशमा समेत त्यही रोग सरेको छ । संघीय ससदमा नेकपा एमालेका १ सय २१ सासद प्रतिनिधिसभामा रहेका छन् । आफ्नै पार्टीका अध्यक्ष केपी ओली नेतृत्वको सरकार ढाल्न नेकपा एमालेकै २३ सासदहरु लागि परे । पार्टीभीत्रको आन्तरिक द्वन्दलाई व्यवस्थापन गर्न नसकेकै कारण ओली नेत्तृत्वको सरकार ढलेको हो ।

आफ्नै पार्टी नेतृत्वको सरकार ढाल्न पार्टीका पूर्व महासचिव एव पूर्व प्रधानमन्त्री माधव नेपाल ,झनाथ खनाल सहितका नेताहरु लागि परे । नेकपा एमाले भीत्र निकै लामो समयदेखि गुट उपगुट रहेका छन् । माधव नेपाल समुहमा लागेका नेताहरूले पार्टी एकतालाई वलियो वनाउनु पर्ने आवाज उठाइरहेका भएपनि पार्टी अध्यक्ष केपी ओली र माधव नेपाल वीचमा कहिल्यै राम्रो सम्वन्ध कायम हुन नसकेकाले गर्दा त्यस्को फाईदा अरूले नै उठाउदै आएका छन् । तत्कालीन नेकपा एमाले र माओवादी केन्द्र २०७५ साल जेष्ठ ३ गते एकीकरण भएपश्चात नेपाल कम्युनिष्ठ पार्टी गठन भएको थियो । उक्त पार्टीमा एमालेका अध्यक्ष ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल दुवैलाई अध्यक्ष वनाइएको थियो । एकीकृत भएको पार्टीले झण्डै संसदमा दुई तिहाई नजिकको मत पाएकको भएपनि त्यसलाई वचाई राख्न नेकपाले सकेन । पार्टी एकीकृत भएको १ वर्ष सम्म पार्टी र ओली नेतृत्वमा रहेको सरकार राम्ररी सञ्चालन भएपनि व्यक्तिगत इकोका कारण पार्टीभित्र अनेक प्रकारका विवाद सिर्जना भएका थिए । दुवै पार्टी एकीकरण हुँदा दुवै पार्टीका अध्यक्षहरु आलोपाले गरी प्रधानमन्त्री वन्ने सहमति भएको थियो । तर पुष्पकमल दाहालकै माग अनुसार दाहाललाई पार्टी अध्यक्षको कार्यकारी अधिकार दिने र पार्टीका वैठकहरूको अध्यक्षता गर्ने जिम्मेवारी दिनुपर्ने माग अध्यक्ष दाहालले गरेका हुनाले ५ वर्षसम्म प्रधानमन्त्री ओलीले नै सरकारको नेतृत्व गर्ने सहमति ओली दाहाल विचमा भएकोमा त्यस विषयलाई पार्टीका अन्यकेही नेताहरूको चित्त वुझेको थिएन । पार्टी अध्यक्ष मिलिनजेल पार्टी र सरकार राम्ररी सञ्चालन भएको भएपनि अन्य नेताहरूकै कारण दुई अध्यक्षवीचमा फाटो ल्याएर त्यस्को फाईदा उठाउने प्रयत्न गरीएको हुनाले ओली दाहालवीच तितत्ता बढेको थियो । नेकपाको सचिवालयमा पार्टीका महासचिव विष्णु पौडेल सचिवालय कमिटी रहेका थिए । उक्त सचिवालय कमिटीमा अध्यक्षद्वय केपी ओली पुष्पकमल दाहाल, झनाथ खनाल, माधव नेपाल, ईश्वर पोखेरल, नारायणकाजी श्रेष्ठ र वामदेव गौतम रहेका थिए । त्यस्तालाई पाटीगत हेर्दा तत्तकालीन नेकपा एमालेवाट ५ र माओवादी केन्द्रवाट ४ रहेका थिए भने तत्कालीन गृहमन्त्री रामवहादुर थापा समेत सदस्य रहेपनि थापा प्राय वैठकका चुपचाप वस्ने गरेका थिए ।

पार्टीका महत्वपूर्ण निणर्यहरु सचिवलयको वैठकवाट हुने गरे पछि त्यहापनि बहुमत र अल्पमतको आधारमा निणर्य हुन थालेपछि त्यही वेलादेखि विवाद उत्पन्न हुँदै आएको थियो । पार्टी भित्रको विवाद समाधान हुन नसकिरहेको वेला वहुमत पक्षले पार्टी अध्यक्ष एव प्रधानमन्त्री केपी ओली माथी २०७७ साल कार्तिक २८ गते १९ वुँदे संगीन आरोपपत्र पार्टीको सचिवालयमै दर्ता गराएपछि पार्टी भीत्र व्यापक विवाद उत्पन्न भएको र दाहाल माधव नेपाल, झनाथ खनाल र वामदेव गौतम सहितका नेताहरूले प्रधानमन्त्री माथी गत पुष ५गते विहानै अविश्वासको प्रस्ताव राख्ने प्रयास गरेपछि प्रधानमन्त्री ओलीले पहिलो पटक प्रतिनिधिसभा नै विघटन गरिदिए । प्रतिनिधिसभाको विघटन पश्चात सत्ताधारी दल नेपाल कम्युनिष्ठ पार्टी भित्रको द्वन्द सडकमै छताछुल्ल हुन पुगेको थियो । सत्ताधारी दलका नेता अध्यक्ष दाहाल सहितका नेताहरु सडक आन्दोलन मै गए । त्यसवेला उनीहरूले प्रधानमन्त्री ओलीले संविधानको खिल्ली उडाएको आरोप लगाउदै विघटीत प्रतिनिधि पुन स्थापना हुनुपर्ने माग राखेका थिए । प्रतिनिधिसभाको विघटनको मुद्वा सर्वोच्च अदालतमा पुऱ्यो । सर्वोच्च अदालतले सम्वैधानिक इजालस गठन गरेर मुद्धाको टुगो लगाउने निर्णय भयो । सम्वैधानिक इजालसमा लामो समयसम्म वहस पैरवी भयो । २०७७ फागुन ११ गते सर्वोच्च अदालतको सम्वैधानिक इजालसले पुष ५ गते विघटन गरेको प्रतिनिधिसभालाई असम्वैधानिक भन्दै वदर गरी दियो । त्यसवेलासम्म तत्कालीन प्रतिपक्षी दल नेपाली काग्रेस प्राय चुपचाप वसेको थियो । उस्ले अदालतको निणर्य स्वीकार गर्नु पर्ने भन्दै आएकोमा २०७७ साल फागुन २३ गते सर्वोच्च अदालतले तत्कालीन नेपाल कम्युनिष्ठ पार्टीको दर्ता नै खारेज गरीदिएपछि राजनितिले कोल्टे फेऱ्यो । अदालतले २०७५ साल जेष्ठ ३ गते एकीकरण भएका नेकपा एमाले र माओवादी केन्द्रलाई अलग अलग अस्तित्वमा कायम गरी दिएपछि नेकपा एमाले र माओवादी केन्द्रमा विचलन आयो । नेकपा एमालेका नेता माधव कुमार नेपाल नेकपा एमालेमा फर्किनुको वदला माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसग हिमचिन वढाउदै गए । अहिले त्यही कारणले गर्दा माधव समुहलाई त्यस्मा पनि माधव नेपाललाई एमालेमा फर्किन कठिन भएको छ ।

तत्कालीन प्रधानमन्त्री ओलीले संसदवाट विश्वासको मत लिने दिन २०७८ साल वैशाख २७ गते आफ्नै पार्टी अध्यक्षको नेतृत्वमा रहेको सरकारलाई माधव समुहका २३ सासदहरु ससदमा अनुपस्थित भएर प्रधानमन्त्री लाई विश्वासको मत लिनवाट रोकिदिएका थिए । समस्याको जड त्यही थियो । संविधानका प्राय सबै सर्तहरु पुरा गर्दै संविधान अनुसार संविधानको धारा ७६ को ५ अनुसारको सरकार गठन गर्नु पर्ने वाध्यता माधव समुहकै कारण उत्पन्न भएको सत्य वास्तविकतालाई स्वीकार गर्न माधव समुह अहिले सम्म तयार भएको देखिदैन । त्यस्को एउटै कारण हो ओली र नेपालवीचको तितत्तापूर्ण सम्वन्ध यसैलाई भनिन्छ सैताका रिषले पोइको काख भिजाउनु भनेर ।

संविधानको धारा ७६ को ५ अनुसार आफ्नै पार्टीको नेतृत्वको सरकार ढालेर तत्कालिन प्रमुख विपक्षी दलका नेतालाई प्रधानमन्त्री वनाउन माधव समुहको जित भएको जस्तो देखिएपनि उनीहरूले आफ्नो घरमा आगो लाएर छिमेकीको घरमा शरण खोजेको जस्तो देखिएको छ । नेकपा एमालेको नौऔं महाधिवेशनवाट केपी ओली अध्यक्ष पदमा चुनिएका थिए भने माधव नेपाल ओलीसँग पराजित भएका थिए । ओली अध्यक्ष भएपनि माधव नेपालले ओलीलाई अध्यक्षमा स्वीकार गर्न नसकेकै हुनाले पार्टीभीत्र विवाद देखिएको थियो । त्यही विवादको फाइदा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले उठाउदै आएका छन् र अहिले पनि ओली र नेपाललाई एकै ठाउँमा वस्न नदिने रणनितिक उद्देश्यका साथ उनी अघि वढीरहेका छन् ।

शेरवहाद्र देउवालाई प्रधानमन्त्री वनाउन दाहालको जोडवल थियो । त्यस कार्यमा उनी सफल भएका छन् । यस भन्दा पहिला पनि नेपाली काग्रेस र माओवादी केन्द्र मिलेर सरकार गठन भएको थियो । सरकार मै रहेका वेला उनले काग्रेस र नेकपा एमालेलाई धोका दिदै आएका तिनै दाहाल नै हुन् । नेकपा एमालेसँग सरकारमै रहेका वेला स्थानीय तहको निर्वाचनमा केही स्थानमा उनले काग्रेसका सभापतिसँग सहमति गरेर केही स्थानमा आफ्ना उम्मेदावरलाई जिताएका थिए । त्यस्को प्रत्यक्ष प्रमाण हो भरतपुर महानगरपालिकामा आफ्नी छोरीलाई मेयर पदमा जिताउनु । नेपालको राजनितिमा दाहाललाई विश्वासिलो नेताका रूपमा लिनु भनेको ज्यादै जोखिमपूर्ण कार्य हो । अहिले पनि दाहालले आफुलाई फाइदा हुने देखेको उनी जस्तो सुकै कार्य गर्न पछि पदैनन् ।

देउवा सरकारको आयु वढीमा १७ महिना रहेको छ । संविधानको धारा ७६ को ५ अनुसार देउवा सरकार गठन भएको हो । देउवा सरकारलाई विश्वासको मत दिएका दहरूले विश्वासको मत फिर्ता लिएको खण्डमा देउवाले संसदवाट ३० दिन भित्रमा विश्वासको मत लिनुपर्ने सम्वैधानिक व्यवस्था रहेको छ । यदि देउवाले विश्वासको मत लिन नसकेको खण्डमा उनलाई प्रतिनिधिसभा विघटन गरी छ महिना भीत्रमा प्रतिनिधिसभाको निर्वाचन गराउन पाउने सुविधा भएकाले गर्दा उनी सुरक्षीत रहेका छन् । देउवा सरकारले आउदो फागुन चैत्रमा स्थानीय तहको निर्वाचन गराउनु पर्ने हुन्छ । त्यसैगरी अर्को मंसिर पुषमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन गराउनु पर्ने हुन्छ । माओवादी केन्द्र सवै तहका चुनावमा पनि काग्रेससँग सहकार्य गरेर अघि वढ्न चहिरहेको जस्तो देखिएको छ । पछिल्लो समयमा मुलुकमा कम्युनिष्ठहरु विभाजित हुदै गएका र कम्युनिष्ठहरूको जनघार समेत कमजोर अवस्थामा पुगेको हुनाले सवै तहा निर्वाचनमा नेपाली काग्रेसले नै जित्ने प्राय निश्चित जस्तै देखिएकोले गर्दा आउदो निर्वाचनमा काग्रेसले कम्युनिष्ठहरूसँग सहकार्य गरेर अघि वढ्छ भन्नु निकै छिटो हुन्छ । आउदो निर्वाचनमा काग्रेस र नेकपा एमाले नै एक अर्काप्रतिष्पर्धी हुने प्राय निश्चित रहेकाले गर्दा एमालेलाई पछि पार्न माओवादी केन्द्रले अहिलेदेखि नै आगामी निर्वाचन सम्म गठवन्धलाई वचाईराख्नु पर्ने वताउदै आएकोमा र त्यसवेला सम्म अहिलेको काग्रेस माओवादी र जसपाको दुवै पक्षको गठवन्धनलाई वचाई राख्लान् त ? भन्ने प्रश्न समेत उठ्न थालेको छ । यदि काग्रेसले आउँदो निर्वाचन सम्म यहि गठवन्धनलाई वचाई राख्ने हो भने त्यो भन्दा ठूलो काग्रेसका लागि अर्को र्दुभाग्य केही हुन सक्दैन ।

माधव नेपाल समुहको इच्छा पूर्ति भएको छ । केपी ओली नेतृत्वको सरकार विस्थापित भएर शेरवहादुर देउवाको नेतृत्वमा सरकार निमार्ण भएको छ । अव माधव नेपाल समुहले आफ्नो कित्ता प्रष्ठ पार्नै पर्दछ । नेकपा एमालेकै रहने कि नयाँ पार्टी दर्ता गरेर त्यस्को नेतृत्व लिने । कानुनी रूपमा माधव नेपाल समुह नेकपा एमालेकै सदस्य रहेपनि उनीहरूको र भने विभाजनको अवस्थाको जस्तो देखिएको छ । माधव समुहलाई पार्टी विभाजनको लागि आवश्यक संख्या पुग्दैन । दल विभाजन सम्वन्धी ऐनमा व्यवस्था भएअनुसार ससदीय दल र केन्द्रीय कमिटी दुवैमा ४० प्रतिशत संख्या पुऱ्याउनु पर्ने हुन्छ त्यो संख्या माधव समुहमा नपुग्ने र अहिले माधव समुह देउवा नेतृत्वको सरकारमा सामेल भएको खण्डमा उनीहरूको सासदपद स्वत समाप्त हुने भएकाले गर्दा मात्र माधव समुहले पार्टी एकताका लागि सर्तमाथी सर्त थप्दै गएको छ । पछिल्लो समयमा माधव नेपालले पार्टी एकताका लागि तिनवटा सर्त ओलीसामु राखेका छन् । जस्मा पहिलो सर्त हो पार्टी अध्यक्ष केपी ओली कै हैसियतमा पार्टी निर्णय र पत्राचारमा आफ्नो हस्ताक्षर हुनु पर्ने, दोस्रो पुनस्थापना भएको प्रतिनिधिसभाको कार्यकाल पुरा रहने गरी संस्थापन पक्षले प्रतिवद्धता जनाउनु पर्ने र तेस्रो प्रतिनिधिसभाको विघटन गलत थियो भनेर पार्टी अध्यक्ष ओलीले स्वीकार गर्न पर्ने ।

यी सर्तहरु हेर्दा तत्कालै पार्टी अध्यक्ष ओलीले त्यसलाई स्वीकार गर्न सक्ने अवस्था देखिदैन । पार्टी अध्यक्ष ओली र नेकपा एमालेले प्रतिनिधि सभाको विघटनलाई वाध्यता र अनिवार्य भनेको हुनाले माधव नेपालका सर्त स्वीकार गर्ने सम्भावना देखिदैन । आफ्नैसँग निर्वाचन हारेका व्यक्तिलाई आफ्नै सरहको समान हैसियत र पत्रचारमा हस्ताक्षर गर्ने अधिकार ओलीले देलान् र ? यदि त्यस्तो भने निर्वाचनको आवश्यकता नै किन ? निर्वाचनका लागि महाधिवेशनवाट अध्यक्ष पदमा निर्वाचित भएका व्यक्तिले अर्को महाधिवेशनवाट अध्यक्ष नचुनिएसम्म अध्यक्षता गर्ने र पार्टी सञ्चालन गर्ने अध्यक्षकै दायित्व र कर्तव्य भएकाले पराजित व्यक्तिलाई त्यस्तो अधिकार दिनु अर्को नौटकी मात्र हुन सक्छ ।

# लकडाउन फोबिया, बालबालिकाको भविष्य र समाधान



सुष्मा सुब्बा लामा

नेपाल विकासोन्मुख देश हो । विगतदेखि वर्तमानसम्मको राजनीतिक, भौगोलिक, सांस्कृतिक एवं पारस्परिक परिदृष्यलाई हेर्ने हो भने मुलुकको चौतर्फी विकास गर्न धेरै समय लाग्ने देखिन्छ । विश्वको मानचित्र एवं जनसंख्याको तुलनामा नेपाली जनता धेरै होइनन्, यति थोरै मानिसलाई सुव्यवस्था गर्न राज्य सयन्त्रलाई यति धेरै धौ धौ हुनु लाजमर्दो कुरो हो । मैले यसो भनिरहँदा कोही कसैप्रति अपमान गर्न खोजेको होइन, भलै यो यथार्थलाई आम नेपालीमाझ पस्कनै पर्छ भन्ने मेरो आशय भने पक्कै हो । वास्तवमा अहिले नेपाल लकडाउन, लुजडाउन अनि फेरि लकडाउनको चक्रब्युमा फसिरहेको छ । एकदिन अघि कोरोना कहरका डरले लकडाउन हुने, प्रशासनलेकेही दिन अत्याधिक कडाइ गर्ने, अनि फेरि लुजडाउन गर्दै जाने, महामारीको रोकथामका लागि कुनै भूमिका नखेल्ने मात्रै लकडाउनलाई महामारी रोक्ने अस्त्रको रूपमा लिने सरकारी रबैया नै गलत छ । बिहान ९ बजेसम्म पसल खोल्न दिने, त्यसपछि बन्द गर्ने र फेरि बेलुकी दुईघण्टाका लागि खुकुलो बनाइदिने अवैज्ञानिक प्रणाली नै हाँसो उठ्दो कुरो छ । तरकारी बजारमा यति धेरै मानिस हुन्छन् कि तिनले कोरोना संक्रमण फैलाउँदैनन्, तर दुई चारजना भेला भएर हिड्दा कोरोना सरिहाल्छ, संक्रमण दर बढिहाल्छ भन्ने अबुझ र अदूरदर्शी सोच अहिलेको पराकाष्ठा हो । यो श्रृंखला हेर्दा हेर्दा १६ महिना वितिसक्यो ।सरकार लकडाउन र लजुडाउनकै गणीतमा फसिरहेको छ ।

सन् २०१९ को नोभेम्बरबाट चीनमा देखिएको कोरोना भाइरस कोभिड १९ क्रमिकरूपमा युरोप, अमेरिका हुँदै दक्षिण एसिया र पछि दक्षिणी पूर्वी एसिया तथा अष्ट्रेलियासम्म फैलिँदै यसले मानव जातिलाई नै अक्रान्त बनाइरहेको छ । यस महामारीले समाजका हरेक तहतप्काकालाई असर पुर्‍याउँदै आएको छ भन्दा अतिसयुक्ति नहोला । हुन त मानव जातिको उदयसँगै यसप्रकारका थुप्रै महामारीहरु फैलिएको र त्यसबाट हजारौं, लाखौं, करोडौं मानिसले अकालमा ज्यान गुमाउनुपरेका उदाहरणहरु हामीसँग जीवितै छन् । रोगकै कारण मानिसले औषधीको निर्माण गर्‍यो, आवश्यकता महसुस हुँदै जाँदा विश्वमा अन्य थुप्रै आविष्कारहरु भए । १४ औं शताब्दीको पाँचौं र छैठौं दशकमा 'प्लेग' को महामारी युरोपभर फैलियो । जसका कारण युरोपको एकतिहाई जनसंख्या मृत्युको मुखमा पुगेको थियो । १५औं शताव्दीको अन्त्यसम्ममा अमेरिकामा ठेउलाको महामारी र जलवायु परिर्वतनले ठूलै समस्या निम्त्याए । युरोप बिस्तारपछि अमेरिकाको करिब ६ करोड जनसंख्या उक्त एक शताब्दीमा घटेर ६० लाखमा सीमित भएको तथ्यांक बेलायतको युनिभर्सिटी कलेज अफ लन्डनका वैज्ञानिकहरूले आफ्नो एक अध्ययनमा समावेश गरेका छन् । सन् १६४१ मा उत्तरी चीनमा फैलिएको प्लेगले २० देखि ४० प्रतिशत जनसंख्या साफ भयो भने सोही महामारीका कारण मिङ राजवंशको पतन भएको इतिहास छ । दादुरा, मलेरिया, प्लेग, रूघाखोकी र टाइफसलगायत रोगले अमेरिकामा करोडौं मानिसको ज्यान लिए । जसको परिणाम सम्पूर्ण विश्वले नै बेहार्नुपर्‍यो । महामारीकै इतिहासमा एल्लो फिभर र फ्रान्सविरूद्ध हाइटीको बिद्रोहले आफ्नो इतिहास ताजै राखेको पाइन्छ । त्यसो त अफ्रिकी जनावरहरूमा फैलिएको एक महामारीका कारण युरोपेली मुलुकलाई आ□नो साम्राज्य फैलाउने मौका मिल्यो । सन् १८८८ र १८९७ का बीचमा फैलिएको राइण्डरपेष्ट नामको उक्त भाइरसले अफ्रिकामा लगभग ९० प्रतिशत घर पालुवा जनावरहरूको विनास गर्‍यो । यसलाई जनावरमा हुने 'ब्लेग' नामाकरण गरियो । फलस्वरूपः युरोपेली शक्ति राष्ट्रहरूले सन् १९०० सम्ममा अफ्रिकी मुलुकहरूका ९० प्रतिशत भूभाग कब्जामा ल्याइसकेका थिए । समयको अन्तरालसँगै आधुनिक चिकित्सा जगत्मा यति ठूलो विकास भयो कि लाग्थ्यो अब त कुनै महामारीबाट मानिस तथा अन्य जीवले अनाहकमा ज्यान गुमाउनुपर्दैन होला । तर त्यसो भएन । पछिल्लो समय कोरोना भाइरसको प्रकोपले विश्वका करोडौं मानिसको दैनिकी नाटकीय रूपमा बन्द कोठाभित्र सीमित हुन थालेको छ । विश्वभरमा मानिस जुन रहनसहन र खानपानमा बस्दै र रमाउँदै आएका थिए, त्यसमा आकाश जमीनको अन्तर आएको छ । करोडौं बालबालिकाहरु विद्यालय जान पाएका छैनन् । उद्योगधन्धाहरु बन्द छन्, मजदुरले तलब नपाउँदा रोगले भन्दा भोकले मर्ने अवस्था बढ्दो छ । महामारीको यो चक्रीय प्रणाली अगाडि बढिरहँदा नेपालमा भने सरकार आँखा चिम्म गरेर बसेको आभाष हुन्छ, ऊ मात्र जान्दछ लकडाउन, अनि लुजडाउन र फेरि लकडाउन । यहाँ त लाजमर्दो कुरो केसम्म भइसक्यो भने नेपालमा दाताहरूले विभिन्न कम्पनीका झण्डै ९० लाख डोज खोप दिइसकेका छन्, तर सरकार यति धेरै निकम्मा भइसकेको छ कि त्यसकै कारण लगभग २१ लाख मानिसले खोप लाउन पाए छन् भने बाँकी खोप त्यसै फ्रिज भएर सरकारको ढुकुटीमा खेर गइरहेको छ । सरकारको खोप वितरण प्रणाली यति नराम्रोसँग छताछुल्ल भयो कि मानौं अब त्यो जोसँग छ उसले नै आफूखुशी पैसा लिँदै बेच्दै गर्ला कि भन्ने आशंका पनि उब्जन थालेको भान हुन्छ । एकातिर सरकारको ढुकुटीमा खोप भण्डारण हुँदै अब त्यो 'आउटडेटेड' हुने क्रममा छ भने आममानिसमा कहिले खोप लाउँला र बाचौंला भन्ने झिनो आशा भने मेटिएको छैन । खोपका लागि घण्टौं लामो लाइन यत्रतत्र देखिन्छ । आफ्नो पालो आयो खोप सकियो भन्ने उर्दी आउँछ । जसले गर्दा मानिसमा सरकारप्रति नै विश्वास घट्दो छ । कोभिडलाई लिएर अब त के पनि भन्न थालिएको छ भने महामारीको यो श्रृंखला छैठौं भेरियन्टसम्म जान्छ, सन् २०२३ सम्म नै यस्तै हुनेवाला छ । यो वास्तविकता वा अफबाह मात्रै हो, त्यो सम्वन्धित निकायले पत्ता लगाउनुपर्छ । यदि वास्तविकता नै हो भने अब आममानिसको रोजगारी, बालबालिकाको शिक्षा एवं भविष्यका लागि निच मारेर बस्ने बेला छैन । किनकि रोगर भोक सँगसँगै आउने र जाने प्रक्रियाहरूहुन् । यिनलाई गफले टार्न सकिँदैन र तत्काल राज्य व्यवस्थाले समाधानको उपाय पत्ता लगाउनैपर्छ ।

**खोपको विकल्प रोग प्रतिरोधी क्षमताको विकास**

अब खोप, खोप मात्रै भनेर पनि हुँदैन । किनकि हामीले जुन खोप लगाइरहेका छौं, त्यो कति विश्वसनीय छ, छैन भन्ने स्पष्टता पनि हामीसँग छैन, न त छ खोप उत्पादन गर्ने कम्पनीहरूसँग नै । फेरि दाताले दिएको खोपले कतिलाई पुग्छ, राज्य संयन्त्रले आफैं खोप खरीद गर्ने भन्ने कुरा पनि कल्पनाभन्दा बाहिरकै विषय हो । त्यसर्थ अब खोपको विकल्पमा जानुपर्ने टड्कारो आवश्यकता छ । त्यो भनेको योग र साधना नै हो ।नेपाली जडिवुटी विश्वमै नामी र दामी छन् । तिनमा आवश्यक अध्ययन हुन सक्यो र महामारीमा लाभकारी हुने जडिवुटीजन्य आयुर्वेद औषधीहरूको खोजी भयो भने पनि केही हदसम्म लाभ नै हुनेछ । दिमाखमा सकारात्मक सोचको विकास गर्ने, दैनिकरूपले कम्तीमा एकघण्टा योगाभ्यास गर्ने गर्दा शरीरमा रोगप्रतिरोधी क्षमताको विकास गर्न सकिन्छ । हिजो एलोप्याथी औषधी नहुँदा पनि हाम्रा पुर्खाले आफूसँग भएका जडिवुटी खाएर रोग निको पारेको इतिहास कहीँ छिपेको छैन । अहिले त योगका थुप्रै गुरूहरु हुनुहुन्छ, यदि त्यो सम्भव नभएमा हामी आफैं पनि योगका लागि अभ्यास गराउन तयार छौं । अब कोभिडको महामारीरूपी फोबियालाई निर्मलीकरण गर्न आवश्यक भइसकेको छ ।

**बालबालिकाका लागि घरभन्दा विद्यालय नै सुरक्षित**

कलिला बालबालिकाहरु १६ महिनादेखि घरमै बस्दा तिनको मनमस्तिष्कमा के कस्तो असर परिरहेको छ, त्यसतर्फ कोही कसैको ध्यान पुगेको देखिँदैन । सरकारले विद्यालय असुरक्षित भन्दै बालबालिकालाई घरमै बस्ने र विद्यालय बन्द गर्ने घोषणा त गर्‍यो, तर तिनका बाबुआमा कामकाजी हुन्छन् । घरबाहिर नगइ व्यवहार चल्दैन । उनीहरु विहान बाहिर जाने र बेलुकी घर आउँदा कति संक्रमित हुन्छन्, र त्यो असर आफ्ना नानीहरूमा पर्छ कि पर्दैन भन्नेतर्फ न त राज्यले सोच्यो, न कोही शिक्षाविद् वा सरोकारवालाले नै । यहाँ त के भनियो भने विद्यालयहरु कोभिडका लागि हटस्पट बने भन्दै सुझ न बुझसँग सञ्चार माध्यमहरूले समाचार बनाए, सरकार त्यसकै पछि लाग्यो र अन्ततः विद्यालयलाई बन्द गराइ छोड्यो । त्यसको असर सानानानीहरु एउटा वा दुईटा कोठामा बस्न बाध्य भए । अर्को दुख लाग्दो कुरो के भयो भने सरकारले वैकल्पिक सिकाइ भन्दै अनलाईन शिक्षा भन्यो । तर त्यसले कलिला नानीहरूलाई के कति लाभ गर्‍यो वा असर गर्‍यो भनेर आजसम्म कुनै अनुसन्धान भएको छैन । सबै अभिभावकहरूले आफ्ना नानीहरूलाई समय दिन पनि सक्दैनन्, दिए पनि कतिले आफ्ना नानीहरूको सिकाइप्रति आवश्यक ध्यान दिन नसकेको पनि हुन्छ । नयाँ प्रविधिको असर कलिला बालबालिकाहरूलाई कति पर्छ भन्ने यकिन त कसले पो गर्न सकेको छ र ? त्यसर्थ यो अहिलेको यथार्थता हो, तत्काल सरकारले विद्यालय शिक्षालाई भौतिकरूपमा उपस्थिति जनाएर भए पनि विद्यार्थीहरु स्कुल जान पाउने वातावरण बनाउनुपर्छ, यो अहिलेको आवश्यकता हो । तथापि विद्यार्थीको भौतिक उपस्थितिलाई के कसरी सुरक्षित बनाउने हो भन्ने विषयमा आमअभिभावक, विद्यालय व्यवस्थापक र सरकारले आवश्यक गृहकार्य भने गर्नुपर्छ ।

**लकडाउनको हल्लाले आशभन्दा त्रास बढी**

अहिले त हामीकहाँ कस्तो भयो भने राम्रोभन्दा नराम्रो र जिम्मेवारीताभन्दा पनि होहल्ला गरेर मानिसलाई दिग्भ्रमित गराउने खेल बढ्न थाल्यो । संसार विगार्ने औषधी र हतियारको व्यापार नै हो । यस विषयमा हामी के कति गम्भीर वा जिम्मेवार छौं, त्यसतर्फ पनि अब सोच्ने बेला भइसकेको छ । हुन त यो अवस्था सबै क्षेत्रमा व्याप्त छ । फेरि पनि लकडाउनकै हल्ला छ । जबजब लकडाउनको हल्ला हुन्छ, मानिसमा आशभन्दा त्रास बढ्न थाल्छ । विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरस कोभिड १९ का कारण भन्दा अरू रोगले मर्नेको संख्या धेरै गुणा बढ्दो छ । मानिसमा डिप्रेसन ब्याप्त छ । सकारात्मक सोच हराउँदा मानिस रोगी बन्न विवस भयो । महामारीलाई न्युनीकरण गर्ने अनेकन उपायहरु हुँदाहुँदै सरकार लकडाउनकै सहारा लिन बाध्य छ । मानिसहरु पनि सरकारले लकडाउन गर्छ, दुईचार दिन चुप लाग्छन्, फेरि आफ्नो पुरानै पारामा फर्कन थाल्छन्, हुन पनि उनीहरूसँग अरू उपाय हुँदैन । विश्वका विकसित देशहरूमा पनि कोभिड छ, तर तिनले कोभिडको महामारीलाई न्युनीकरण गर्दै सामान्य जीवनयापन गर्दै आएको पाइन्छ । केही दिनअघि मात्रै जापानमा त्यत्रा विकास र निर्माणका कामहरु भएको देखियो । अमेरिकामा कोभिड विरूद्ध दुबै डोज भ्याक्सिन लगाएकाहरूले माक्स लगाउनु नपर्ने कुरा आएको छ । चीनमा पनि कोभिड महामारीलाई लगभग न्युनीकरण गर्ने क्रम बढ्दो छ । यो सबै लकडाउनसँगै चालिएका वैकल्पिक उपायहरु सशक्त भएर नै हो । तर हामीकहाँ लकडाउन भनियो, सारा कर्मचारीलाई विदामा बसाइयो, संक्रमण न्युनीकरण गर्नेतर्फ केही काम गरिएन, फलस्वरूप सरकार लकडाउनको श्रृंखला मात्रै बढाइरहने, संक्रमण दर नघट्ने भयो । त्यसर्थ यस कुरामा राज्य व्यवस्था अत्यन्तै चनाखो भएर अगाडि नबढे लकडाउन र त्यसबाट सिर्जित हुने समस्याहरूले भयाबह रूप लिने छ ।

*(लामा, मन्टेश्वरी एसोसिएसन नेपालकी अध्यक्ष एवं मन्टेश्वरी चेन अफ स्कुलकी प्रिन्सिपल हुनुहुन्छ।)*






# देउवालाई स्वर्णिम अवसर

**महेश कठायत**

निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारमा रहँदा चालेका केही गलत कदमबाट राष्ट्रिय राजनीतिमा देखिएका परिघटनाहरूको तरंग यतिबेलासम्म पनि कायमै छ । शान्त राजनीतिक तलाउमा जब ओलीले प्रतिनिधिसभा बिघटनको ढुंगा प्रहार गरे, त्यसपछि नेपाली राष्ट्रिय राजनीतिमा एकखालको तरंग पैदा भइदियो, जसका कारण ६१ प्रतिनिधिसभा सदस्य रहेको नेपाली कांग्रेस बालुवाटार छिन्यो र सुविधाजनक बहुमत पाएको ओली सरकार बालुवाटारबाट बालकोट बाटो लाग्यो । पहिलो पटकको प्रतिनीधिसभा विघटन पश्चात तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता भंग भयो । दोस्रो पटकको प्रतिनीधिसभा विघटनले नेकपा एमाले विभाजनको संघारमा पुग्यो र जनता समाजवादी पार्टी (जसपा) भित्र पनि धक्का पुऱ्यायो ।

नयाँ संविधान बनिसकेपछि त्यसबेला अब देशमा सबैखाले राजनीतिक आन्दोलनको अन्त्य भएको र देश विकास र समृद्धिको बाटो अघि बढेको तर्कहरु सुनिन्थे । विकास र समृद्धिको जनअपेक्षालाई साकार पार्न जनताले भारी मतसहित वाम गठबन्धनलाई सत्ताको बागडोर सम्हाल्न पठाएका थिए । विडम्बना जनताको जनतमलाई ओली नेतृत्वको सरकारले पूरा कार्यकाल पनि जोगाउन सकेन, कदर गर्न सकेन । आज त्यसैको दुषपरिणाम चौतर्फी रूपमा देखा परेको छ ।

अनपेक्षित रूपमा अन्ततः अहिले नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको सत्तारोहण भएको छ । जनताको चाहाना, आफ्नो क्षमता र सफलताले भन्दा निर्वतमान प्रधानमन्त्री ओलीको असफलताको फाइदा उठाउँदै बाध्यात्मक र अनपेक्षित रूपमा सत्ता सञ्चालनको साँचो देउवाको हातमा आएको छ । पचास वर्षको उमेरमा पहिलो पटक प्रधानमन्त्री बनेका देउवालाई करिब तीन दशक पछि पुनः पाँचौ पटक प्रधानमन्त्री बन्ने अवसर मिलेको छ । यो अवसरलाई प्रजातन्त्रका लागि करीब एकदशक जेल बसेको व्याजका रूपमा लिने हो भने देउवका लागि त्यो भुल हुनेछ ।

सरकारबाट ओलीको विदाई हुनु केवल ओली प्रवृतिको मात्र विदाई होइन त्यसको विकल्पमा सक्षम नेतृत्वको खाँचो पनि हो । तर, ओलीको विकल्पमा जसरी देउवा हुन पुगे त्यसले जनतामा कुनै आशा पलाएन, उत्साह छाएन । लोकतन्त्रप्रति प्रतिबद्ध रहेर चर्को कुरा गर्नु मात्र लोकतन्त्र होइन । जनतालाई अनुभूत हुनेगरी सुशासनको पाटोमा सरकार कसरी अघि बढ्छ त्यो महत्वपूर्ण हो । यस मामलामा पाँचौ पटक प्रधानमन्त्री बनेका देउवाको विगत त्यति सम्फन लाएक नभएको भन्दै विगतलाई वर्तमानसँग तुलना गर्न थालिएको छ । त्यतिबेलाको र अहिलेको परिस्थिति फरक भए पनि आचरण र कार्यशैलीमा सुधार हुन सकेन भने उपलब्धी हासिल गर्न जटिलता उत्पन्न हुन सक्छ । आफ्नै पार्टी भित्रको



आन्तरिक अवस्थामा समेत सुधार ल्याउन नसकेका देउवाको नेतृत्व क्षमतामाथि पटकपटक परीक्षण भइसकेको तथ्य पनि ताजै छ । त्यसैले पनि विकास, समृद्धि र सुशासन लगायतका राष्ट्रिय मुद्दामा देउवा नेतृत्वको सरकारले प्रथामिकता दिन्छ र जनताले सरकार पाएको महशुस गर्छ भनेर विश्वास गर्ने कुनै ठोस आधार देखिदैन । अहिलको विषम परिस्थितीमा गठबन्धनलाई सम्हाल्दै सरकारका अघिल्तिर रहेका चुनौतीको सामना गर्न देउवाका लागि फनै सहज छैन ।

तर, एउटा जटिल अवस्थामा सरकारको नेतृत्व गर्ने अवसर प्राप्त गरेको वर्तमान सरकारले आफ्नो कार्यकालमा थोरै राम्रो काम गर्न सके पनि जनताले विगतको नेतृत्वबाट पाएको तितो अनुभवलाई भुलिदिन सक्छन् । जनताको विकास, समृद्धी र सुशासनको तिर्खालाई मेटाउने इमान्दार प्रयास गर्न र कमिसनखोर, भ्रष्टाचार, नातावाद, कृपावाद र राज्य शक्तिको दुरूपयोग जस्ता संक्रामक रोगबाट सरकार जोगिउन आवश्यक छ । ओलीको तीन वर्षे कार्यकालमा भएका राम्रा कामहरूलाई समेत प्रतिनिधीसभा विघटनको एउटा गलत कदमले जसरी छायाँमा पारिदियो त्यसबाट पनि अहिलेको सरकारले पाठ सिक्न जरूरी छ । विकासको गतीमा विश्विका विभिन्न देशहरूले नयाँ–नयाँ विषयमा अध्ययन अनुसन्धान गरिरहेको अहिलेको समयमा हाम्रा अघिल्तिर भने आधारभूत आवश्यकताहरु परिपूर्तिका लागि जनताले आवाज उठाइ रहनुपर्ने बाध्यात्मक अवस्था छ, यस्ता विषयहरु सरकार गम्भीर बन्नुपर्छ । प्रधानमन्त्री आफू स्वयमा मात्र नभएर प्रधानमन्त्रीका सहयोद्धा मन्त्रीहरूदेखि सल्लाहकारसम्मको आचारण र व्यवहारले सरकारको काम कार्वाहीलाई कसरी निर्देशित गर्दछ भन्ने मुल प्रश्न भएकाले यसैका आधारमा प्रधानमन्त्रीको सफलता र असफलताको मापना हुन जान्छ । प्रधानमन्त्रीका लागि यो एक स्वर्णिम अवसर हो, त्यसको नतिजा आगमी निर्वाचनबाट अवश्य आउँनेछ । जनता र सरकार बीचको दुरी बढीरहेको अवस्थामा देउवा नेतृत्वको सरकारले जनताको निरासामाथी मडारिएको कालो बादल हटाउन सक्नुपर्छ ।

कमजोर बैशाखीमा अडिएको गठबन्धन सरकारको करिब डेढ वर्ष कसरी बित्छ त्यो समयले बताउँने नै छ, तर 'बिहानीले दिनको संकेत गर्छ' भनेभैं मन्त्रीपरिषद्ले पूर्णता नपाउँदै केही खटपटको संकेत देखा परेका छन् । सरकारले आफ्ना प्राथमिकता निर्धारण गर्न सकेको छैन, अनावश्यक राजनीतिक विवादमा सरकार अलमलिएको छ । ठिक यही वेला अहिलको व्यवस्थामाथि नै प्रश्नहरु उठ्न थालेका छन् । शासन सत्ता सञ्चालन गर्ने नेतृत्वको आचारण र व्यवहारमा सुधार आएन भने जस्तोसुकै व्यवस्था लागू भए पनि नेतृत्वमाथि भन्दा व्यवस्थामाथि प्रश्न उठ्ने गर्छन् । नेतृत्वले तहले यस्ता विषयहरूलाई हल्का रूपमा लिएर आफ्नो कार्यशैलीमा सुधार न ल्याउने हो भने संविधान र व्यवस्था नै जोखिममा पर्न सक्छ । केही दिन अघि नेता प्रदिप गिरीले प्रतिनिधिसभाको बैठकमा भनेका थिए – 'यसपटक यो सरकार असफल भयो भने शेरबहादुरजी मात्र असफल हुनुहुन्न...। यसपल्ट सरकार असफल भयो भने संविधान असफल हुन्छ । संविधान असफल भयो भने पनि केही बिग्रँदैन, व्यवस्था असफल हुन्छ ।' कामना गरौं यी असफलताको भारी यो सरकारले बोक्न नपरोस् ।

## रत्नलाई 'जिन्दगीले घुमायो'



काठमाडौं । जोसेफ शाही ठकुरी र धर्मेन्द्र सुनारको युगल स्वर समेटिएको 'जिन्दगीले घुमायो' गीतको भिडियो सार्वजनिक भएको छ । भिडियोमा रत्न डंगोलको मुख्य अभिनय देख्न सकिन्छ । जोसेफ शाही अफिसियल युट्युब च्यानलमार्फत भिडियो सार्वजनिक गरिएको छ । सर्वस्व गुमाएर पनि जिउने आत्मबल नगुमाएको एक्लो पात्रको कहाँनी समेटिएको गीतकोको भिडियोमा डंगोलसँगै राजिन आचार्य, रामबाबु रेग्मी र रचना गौतमको अभिनय रहेको छ । सिम भन्ज्यांगको विभिन्न स्थानमा छायाँकन गरिएको भिडियोमा गौरव गिरीको निर्देशन छ । जोसेफको नै शब्द, करणराज कार्कीको संगीत र देबेश राइको संगीत संयोजन रहेको गीतमा ध्वनी सम्पादन किशोर थापाको छ भने बसन्त कुँवरको छायाँकन रहेको छ ।

# ड्रिम हाई नेपालले मिडिया अवार्ड गर्ने

काठमाडौं । बिभिन्न ठुला इभेन्ट गर्दै आईरहेका ड्रिमहाई नेपालले 'मिडिया अवार्ड' गर्ने भएको छ । नेपालको मिडिया क्षेत्रमा देखिइरहेका उत्तावचडावलाई मुल्यांकन गरि राम्रो काम गर्नेलाई प्रोत्साहन गर्ने उद्देश्यले मिडियाका विविध स्वरूप र विधालाई समेटेर 'नेपाल मिडिया अवार्ड २०७८' कार्यक्रम गर्न लागिएको संस्थाले जनाएको छ ।

रेडियो, टेलिभिजन, युट्युब, प्रिन्ट र अनलाइनका विविध विधालाई समेटी गरिने अवार्ड 'सेलिब्रेटिङ्ग विथ चेन्जमेकर्स' थिमका साथ कार्यक्रम हुन लागेको आयोजक ड्रिमहाई नेपालका अध्यक्ष कमल जिसीले जानकारी गराएका छन् ।

सञ्चारमाध्यमका मुख्य विधाको पहिचान गर्ने र त्यो विधामा उत्कृष्ट काम गरिरहेकाहरूको सूची तयार गरी मनोनयन सार्वजनिक गर्ने जिसीको भनाइ छ । यसरी मनोनयनमा परेका कार्यक्रम, प्रस्तोता वा समाचारलाई मिडिया क्षेत्रका विज्ञको निर्णायक टोलीले मूल्यांकन गरी विजेताको घोषणा गरिने आयोजकको भनाइ छ । नेपालमा मिडिया क्षेत्रलाई समेटेर पहिलोपटक अवार्ड हुन लागेको उनको भनाई छ । सन् २०१८ मा स्थापना भएको ड्रिम हाई नेपालले यस अघि नेपथ्य कन्सर्ट, अनमोल इभेन्ट लगायत केही समय पहिले 'नेफ्टा' अवार्ड आयोजना गरेको थियो ।

**खेलकुद**

# खेल्न छाडेको हुँ, क्रिकेट छोडेको होइनः पारस

नेपाली क्रिकेटका सर्वाधिक सफल खेलाडी तथा पूर्व कप्तान पारस खड्काले सहि समयमा आफूले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिएको बताएका छन् । पारसले अब व्यवस्थापकीय पक्षमा योगदान दिने योजना रहेको पनि प्रष्ट पारे । उनले यसअघि प्यासनका रूपमा क्रिकेट खेलिरहेको बताउँदै अब भने करिअरका रूपमा सुरू गर्ने पनि बताए ।

'मैले कप्तानी छाड्ने समयमै खेल छोड्ने वा नखेल्ने सोच आएको थियो । मैले १० वर्ष कप्तानी गर्दा ज्ञानेन्द्र मल्ल उपकप्तान थिए । ज्ञानेन्द्र र टोलीलाई साथ दिनुपर्छ भनेर त्यतिबेला छाडिनँ । लगभग दुई वर्षको समय सकिँदा मैले धेरै पटक सोचेर अब क्रिकेट खेल्दिन भन्ने निर्णय लिएँ', पारसले भने ।

'क्रिकेटले नै मलाई सबथोक दिएको छ । सबै कुरा पाएको छु । यति हुँदाहुँदै पनि सन्न्यासको लागि यो सहि समय हो भनेर निर्णय लिएँ । ओडिआई मान्यता अब दुई वर्ष बाँकी छ, टिममा युवा खेलाडी छन् । यो दुई वर्ष क्रिकेट विकास गरेर लैजान राम्रो समय हो । अब मेरो भूमिका फरक तरिकाले हुनेछ ।'

'म क्रिकेटबाट टाढिएको होइन, टाढिने पनि छैन । खाली मेरो भूमिका बदलिने छ । यो निर्णय मैले धेरै पटक सोचेर लिएको हो,' पारसले भने । 'परिवार, साथीभाइको साथ र सहयोग बिना त म यहाँ आउने पनि थिएन । तर



क्रिकेटको निर्णय भने मैले सधैं आफै सोचेर लिएँ । अरू सबै कुरा साथीभाइ र परिवारले भनेको मानुँला तर क्रिकेटमा म आफ्नै हिसाबले सोचेर निर्णय लिन्छु', पारसले भने ।

'मेरो सोच जहिले पनि क्रिकेटमा कसरी प्रभाव पार्न सकिन्छ भन्ने हो । मैले क्रिकेटरको रूपमा पार्न सक्ने प्रभाव वा भनौं दिन सक्ने योगदान यति नै थियो । मैले धेरैपटक भनेको छु अन्तर्राष्ट्रिय क्रिकेट छाडेपछि आगामी दिनमा व्यवस्थापनमा आउने मन छ । मैले गर्दा मात्र नेपाली क्रिकेट यहाँ आइपुगेको होइन । मलगायत धेरै खेलाडीको मिहिनेतले यहाँ सम्म आइपुगेको हो,' पारसले भने ।

कुनै विदाई खेल बिनानै छाड्ने पहिला देखिकै योजना रहेको पनि पारसले बताए । 'मेरो उमेर ३३ होला तर नेपाली क्रिकेटमा म जसरी लागि रहेको छु, मानसिक रूपमा ५० पुगिसकें,' पारसले भने ।

पारस अहिलेका युवा खेलाडीमा धेरै प्रतिभा क्षमता भएको बताउँछन् । टेस्ट मान्यता प्राप्त गर्न धेरै नै सुधार आवश्यक रहेको पनि उनले बताए । क्रिकेट व्यवस्थापनमा आउन आफूमात्र नभएर एउटा राम्रो टिम चाहिने पारस बताउँछन् ।

'खेलमा हार्यो भने के हुन्छ भन्ने डर हुन्थ्यो । एक खेलाडीको रूपमा सबै सम्मान पाएको छु । अबका दिनमा धेरै अवसर छन् । राम्रो खेलाडी भयो भन्दैमा राम्रो व्यवस्थापक हुन्छ भन्ने पनि हुँदैन । मेरो सोच र लक्ष्य चारैतिर नेपाली क्रिकेट फैलियोस् र प्रतियोगिताहरु हुन् भन्ने हो,' उनले पत्रकार सम्मेलनमा भने ।

पारसले नेपालले पहिलो ओडीआई जीत हात पारेको दिनको अवसरमा सन्न्यास लिएको पनि खुलाएका छन् । नेपालले २०१८ अगस्ट ३ मा पहिलो ओडिआई जित हात पारेको थियो भने पारसले २०२१ अगस्ट ३ मा सन्न्यास घोषणा गरेका हुन् । पारसले आफूले आगामी दिनमा घरेलु क्रिकेटमा भने खेल्ने इच्छा रहेको बताएका छन् ।

पारसको अबको सोच क्रिकेट एकेडेमी सञ्चालन गर्ने छ । 'एक दुई महिनापछि क्रिकेट एकेडेमी सुरु गर्नेछु । त्यसलाई नेपालभर पुर्याउने योजना छ,' पारसले भने ।

सन् २००४ मा मलेसियाविरूद्ध नेपाली सिनियर टिममा डेब्यू गरेका पारसले मंगलबार सन्न्यास लिएका हुन् । पारसले २००९ देखि २०१९ सम्म नेपाली क्रिकेट टिमको कप्तानी गरेका थिए । पारसको कप्तानीमा नेपालले ऐतिहासिक टि२० विश्वकप सहभागिता, ओडिआई मान्यताका साथै ओडिआई र टि२० आई सिरिज, डिभिजन फाइभ देखि थ्री सम्मको उपाधि जितेको थियो ।

समग्रमा, नेपाली क्रिकेटले आजसम्म जति पनि उपलब्धि र सफलता हात पारेको छ, पारस खड्का त्यसको सबैभन्दा महत्वपूर्ण हिस्सा हुन् । उनको सन्न्याससँगै नेपाली क्रिकेटको सुनौलो युगको अन्त्य भएको छ । पारसबिनाको नेपाली क्रिकेटले नयाँ शिराबाट आफ्नो यात्रा थाल्नेछ ।

## कर्पोरेट

### ● ग्लोबल आइएमई र तानसेन नगरपालिकाबीच सम्झौता

ग्लोबल आइएमई बैंक लिमिटेड र तानसेन नगरपालिकाबीच कृषि अनुदान कर्जामा साना किसानको पहुँच बढाउनका लागि सम्झौता भएको छ । बैंक तथा नगरपालिकाको अगुवाइमा हेफर इन्टरनेसनल नेपाल एवं ग्रामीण आर्थिक विकास संघसँगको समन्वयमा कृषि अनुदान कर्जासम्बन्धी सम्झौता भएको हो । सम्झौतामा बैंकको लुम्बिनी प्रादेशिक कार्यालयका उपप्रमुख जोगलाल भुसाल र तानसेन शाखाका शाखा प्रबन्धक वीरबहादुर सारु तथा नगरपालिकाका मेयर अशोककुमार शाहीले हस्ताक्षर गरेको बैंकले जनाएको छ ।

सम्झौताअनुसार बैंकले तानसेन नगरपालिकाका विभिन्न ठाउँहरूमा बाख्रापालन, डेरी, तरकारी खेती, कुखुरापालन, बंगुरपालन, माछापालन तथा विभिन्न फलफूलहरूको उत्पादन गर्ने कृषकहरूलाई नगरपालिकाको सिफारिसमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने जनाइएको छ ।

त्यस्तै, उद्यमशील कृषकहरूलाई तानसेन नगरपालिकाको समन्वय तथा ग्रामीण आर्थिक विकास संघको सहजीकरणमा हेफर इन्टरनेसनल नेपालले तालिम तथा प्राविधिक सहयोग प्रदान गर्ने उल्लेख गरिएको छ । बैंकले ७६ जिल्लामा २ सय ७३ शाखा, २ सय ४८ एटिएम, २ सय ५७ शाखारहित बैंकिङ सेवा, ४७ एक्सटेन्सन तथा राजस्व काउन्टर र ३ वैदेशिक प्रतिनिधि कार्यालयमार्फत सेवा दिइरहेको जनाएको छ ।

### ● मेगा बैंकका एकै दिन ६ नयाँ शाखा

मेगा बैंक नेपाल लिमिटेडले एकै दिन ६ नयाँ शाखा विस्तार गरेको छ । बैंकले प्रदेश नम्बर १ मा एउटा, बागमती प्रदेशमा ३ वटा, लुम्बिनी प्रदेशमा एउटा र सुदूरपश्चिम प्रदेशमा एउटा गरी ६ नयाँ शाखाहरु सञ्चालनमा ल्याएको हो ।

प्रदेश नम्बर १ मा सुनसरीको इटहरी उपमहानगरपालिकाको लबिपुर, बागमती प्रदेशमा नुवाकोटको विदुर नगरपालिकाको बट्टार, चितवनको भरतपुर महानगरपालिकाको विकास चोक तथा भरतपुर हाइटमा नयाँ शाखा सञ्चालनमा ल्याइएको बैंकले जनाएको छ ।

त्यस्तै, लुम्बिनी प्रदेशको नेपालगन्ज उपमहानगरपालिकाको कारकाँदो तथा सुदूरपश्चिम प्रदेशमा कैलालीको धनगढी उपमहानगरपालिकाको एलएन चोकमा पनि नयाँ शाखा विस्तार गरेको बैंकले जनाएको छ । यी शाखाहरूबाट बैंकिङ कारोबारको प्रारम्भ शुक्रबारबाटै भएको बैंकका प्रमुख सूचना अधिकारी तुलसीराम पोखरेलले जानकारी दिए । नयाँ शाखासँगै बैंकका शाखा संख्या १ सय ८४ पुगेको र निकट भविष्यमै थप १० वटा नयाँ शाखा सञ्चालनमा ल्याउने तयारी भइरहेको बैंकले जनाएको छ ।

### ● महालक्ष्मी विकास बैंक र एमएडब्लूबीच सम्झौता

महालक्ष्मी विकास बैंक लिमिटेडले कमर्सियल भेहिकल्स खरिद गर्न चाहने ग्राहकलाई सरल तथा सुलभ तरिकाबाट कर्जा सेवा उपलब्ध गराउने भएको छ । यसका लागि बैंकले एमएडब्लू वृद्धि कमर्सियल भेहिकल्स प्रालिसँग सम्झौता गरेको हो ।

सम्झौताअनुसार एमएडब्लू वृद्धि कमर्सियल भेहिकल्सबाट फोटोन गाडी खरिद गर्न चाहने बैंकका ग्राहले सरल तरिकाले कर्जा सुविधा प्राप्त गर्न सक्ने जनाइएको छ । ग्राहकल अधिकतम ८ वर्षका लागि कर्जा उपलब्ध गराउनुका साथै अधिकतम ८० प्रतिशतसम्म कर्जा प्रवाह गरिने बैंकले जनाएको छ । हाल बैंकले देशभरमा १ सय ३ शाखाबाट बैंकिङ सेवा प्रदान गर्दै आएको र सबै शाखाबाट उक्त सुविधा प्राप्त हुने जनाएको छ ।

### ● सानिमा लाइफ इन्स्योरेन्सको आइपिओ बिक्री खुला

सानिमा लाइफ इन्स्योरेन्स लिमिटेडको प्राथमिक सेयर (आइपिओ) बिक्री खुला भएको छ। इन्स्योरेन्सले आजदेखि सर्वसाधारणका लागि आइपिओ निष्कासन गरेको हो।

कम्पनीले हाल कायम जारी पुँजी रू. २ अर्बको ३० प्रतिशत अर्थात् रू. ६० करोड रकमबराबर प्रतिसेयर रू. १०० अंकित दरका ६० लाख कित्ता सेयरमध्ये पाँच प्रतिशत सेयरबराबर तीन लाख कित्ता सामूहिक लगानी कोषका लागि तथा थप पाँच प्रतिशत सेयरबराबर तीन लाख कित्ता कर्मचारीहरूका लागि छुट्याई बाँकी ५४ लाख कित्ता सेयर सर्वसाधारणमा निष्कासन गरेको हो। कम्पनीको प्राथमिक निष्कासन तथा बिक्री प्रबन्धकको सम्पूर्ण कार्य प्रभु क्यापिटल लिमिटेडले गरेको छ।

कम्पनी ऐन, २०६३ तथा बिमा ऐन, २०४९ बमोजिम दर्ता भई बिमा समितिबाट जीवन बिमा व्यवसाय गर्ने बिमकको इजाजत मिति २०७४ कात्तिक ५ मा प्राप्त गरी कम्पनीले ०७४ मंसिर २२ गतेबाट जीवन बिमा व्यवसाय सञ्चालन गर्दै आएको छ। आइपिओ निष्कासनका लागि इक्रा रेटिङबाट रेटिङ गराएको यस कम्पनीले बिबिबी रेटिङ पाएको छ। जसले वित्तीय दायित्व वहन गर्ने कम्पनीको क्षमता औसत रहेको भन्ने जनाउँछ।

कम्पनीको आइपिओमा आवेदन गर्न चाहने इच्छुक लगानीकर्ताले आज बिहान १० बजेबाट छिटोमा आगामी साउन २४ गते आइतबार अपराह्न ५ बजेभित्र आवेदन दिन सक्नेछन्। सो अवधिमा सबै सेयरका लागि आवेदन नपरेको खण्डमा भने ढिलोमा ०७८ भदौ ०२ गतेसम्म सेयर बिक्री खुला रहनेछ। यस्तैगरी आवेदकले न्यूनतम १० कित्ता र अधिकतम ३०,००० कित्ताका लागि आस्बा सदस्य बैंक तथा मेरो सेयरबाट आवेदन दिन सक्नेछन्।

### ● एनएमबि बैंक र सिप्रदीबीच सम्झौता

एनएमबि बैंक लिमिटेडले विद्युतीय गाडी नेक्सनका लागि बेस रेटमै कर्जा लगानी गर्ने भएको छ । बैंकले यसका लागि सिप्रदी ट्रेडिङ प्रालिसँग सम्झौता गरेको हो । सम्झौताअनुसार ८ लाख डाउन पेमेन्टमै ८० प्रतिशत फाइनान्सिङसहित २४ घन्टाभित्र टाटाको नेक्सन इभीका लागि कर्जा प्रवाह हुने बैंकले जनाएको छ । यो सम्झौता बैंकिङ क्षेत्रमै एक उत्कृष्ट योजना रहेको बैंकको दाबी छ । नेक्सन इभी अहिले देशभरका टाटा मोटर्सका सोरुमहरूमा अवलोकन तथा 'टेस्ट ड्राइभ'का लागि उपलब्ध रहेको जनाइएको छ । बैंकले हाल देशभरमा १ सय ८१ शाखा, १ सय ३७ एटिएम र ९ एक्सटेन्सन काउन्टरमार्फत सेवा दिइरहेको जनाएको छ ।

### ● महालक्ष्मी बैंक र सिद्धार्थनगर सिटी हस्पिटलबीच सम्झौता

महालक्ष्मी विकास बैंक लिमिटेडले मोफसलमा रहेका आफ्ना ग्राहकहरूलाई सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले भैरहवाको सिद्धार्थनगर सिटी हस्पिटलसँग छुटसम्बन्धी सम्झौता गरेको छ । बैंकले आफ्ना ग्राहकलाई उपचार गराउँदा विभिन्न सेवा शुल्कहरूमा छुट पाउने सम्झौता गरेको हो ।

सम्झौताअनुसार बैंकका डेबिट कार्ड र मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहकले ओपिडी टिकट, ल्याब सेवा, एक्स-रे तथा भिडियो एक्स-रे सेवा र इसिजी तथा इको सेवामा अधिकतम १० प्रतिशत छुट पाउने जनाइएको छ ।

यसका साथै बेड चार्जमा ५ प्रतिशत छुट पाउने बैंकले जनाएको छ । सम्झौतामा अस्पतालका प्रबन्ध निर्देशक अर्जुन पौडेल र बैंकका प्रमुख कार्यकारी अधिकृत बोधराज देवकोटाले हस्ताक्षर गरेका थिए ।

देशभर १ सय ३ शाखाबाट सेवा प्रदान गर्दै आएको महालक्ष्मी विकास बैंकले कोभिड-१९ को जोखिमलाई न्यूनीकरण गर्न डिजिटल बैंकिङलाई प्रोत्साहन दिँदै आएको जनाएको छ ।

### ● नबिल बैंक र डिभी एक्सिलसबीच सहकार्य

नबिल बैंक र डिभी एक्सिलसबीच किसानहरूलाई वित्तीय पहुँच प्रदान गर्ने सहमति भएको छ । बैंकले किसानलाई कृषि साधन, रसायन, मेसिनरी तथा अन्य आवश्यकताअनुसार बिउ र मल खरिद गर्न वित्तीय पहुँच प्रदान गर्ने सम्झौता भएको हो ।

सम्झौतापत्रमा नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत अनिलकेशरी शाह र डिभी एक्सिलसका निर्देशक देवश प्रधानले हस्ताक्षर गरेका छन् । कार्यक्रममा नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत शाहले डिभी एक्सिलससँगको सहकार्यले कृषकहरूले आवश्यकताअनुसार कृषि कर्जा प्राप्त गरी उत्पादकत्व बढाउने विश्वास व्यक्त गरे ।

सहकार्यअन्तर्गत खेती एपमार्फत कृषकहरूलाई डिजिटल कर्जा प्रदान गरिनेछ । सहकार्यको विषयमा जानकारी दिँदै डिभी एक्सिलसका निर्देशक प्रधानले भने, 'सरल डिजिटल प्रक्रियाका माध्यमबाट किसानलाई सहजै वित्तीय पहुँच प्राप्त गर्न सहकार्य महत्वपूर्ण हुन्छ ।' डिभी एक्सिलसले खेती एपमा १० हजारभन्दा बढी किसानहरु, ३ हजारभन्दा बढी उपभोक्ता तथा सयभन्दा बढी रेस्टुरेन्ट र होटेलहरु आबद्ध गरिसकेको छ ।

### ● योजना आयोगको उपाध्यक्षमा डा. विश्व पौडेल

गण्डकीमा दलित समुदायका डोबाटे विश्वकर्माको नाम काटेर जग्गा व्यवसायी बिन्दुकुमार थापालाई र केन्द्रमा अस्पताल सञ्चालक उमेश श्रेष्ठलाई स्वास्थ्य मन्त्रालयको जिम्मा दिएर आलोचित बनेका प्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रिय योजना आयोगमा भने योग्य अर्थशास्त्रीलाई नियुक्त गरेका छन् । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले आयोग उपाध्यक्षमा डा. विश्व पौडेललाई नियुक्त गरेको छ ।

काठमाडौं विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्टको भिजिटिङ एसोसिएट प्रोफेसरका रूपमा कार्यरत पौडेल युलेन्स स्कुलका बोर्ड अफ ट्रस्टी पनि हुन्। त्यस्तै, आयोगको सदस्यहरूमा डा. रामकुमार फुँयाल र डा. दिलबहादुर गुरुङ नियुक्त भएका छन् ।

नवनियुक्त उपाध्यक्ष पौडेलले युनिभर्सिटी अफ क्यालिफोर्निया (बर्कले)बाट कृषि तथा स्रोत अर्थशास्त्रमा विद्यावारिधि गरेका छन् । उनको प्राकृतिक स्रोत, श्रम अर्थशास्त्र तथा आर्थिक इतिहासमा विशेष दख्खल छ । डा. पौडेल ७३ मेगावाटको मध्यतमोर जलविद्युत् आयोजनाको सञ्चालकसमेत हुन् । उनले सानिमा बैंकको सञ्चालक समिति सदस्यका रूपमा समेत काम गरेका थिए । उनले विगतमा अन्तर्राष्ट्रिय श्रम संगठनको सल्लाहकार, मिलेनियम च्यालेन्ज नेपालको कार्यालयमा अर्थशास्त्री तथा राष्ट्रिय योजना आयोगका उपाध्यक्षको सल्लाहकारका रूपमा काम गरिसकेका छन् ।



## देउवा र दाहाल...

आफ्नै पार्टीको मान्छेलाई समेत मन्त्री बनाउन सक्नुभएको छैन । माओवादी केन्द्रभित्र समेत मन्त्री बन्नेहरूको ताँती लागेको हुनाले पार्टी अध्यक्ष पुष्पकमल दाहालले मन्त्री छान्न सकेका छैनन् केही समय पहिला दाहालले आफ्नो पार्टीका ४९ जना सांसदहरु नै मन्त्री बन्न पाउनुपर्दछ भन्न थालेका हुनाले आफूलाई तनाब बढेकाले गर्दा मन्त्री बन्ने मान्छे छान्न नसकेको सार्वजनिक रूपमै उद्घोष गरेका थिए । यी सबै कारणहरूले गर्दा देउवाले मन्त्रिपरिषद्‌लाई पूर्णता दिन नसकेका भएपनि उनीहरूले नेकपा एमालेको माधव समूहले सरकारमा सहभागिता जनाउने वा नजानाउने विषयमा निर्णय गर्न नसक्दा मन्त्रिपरिषद् विस्तारमा ढिलाई भएको भन्दै आफ्नो बचाउ गरिरहेका छन् ।

माधव नेपाल समूह कानुनी रूपमा नेकपा एमालेमै रहेको हुनाले अहिलेकै अवस्थामा माधव समूह सरकारमा सहभागि भैहाल्छ भन्नुको कुनै औचित्य देखिँदैन । पार्टीको निर्देशन उल्लंघन गर्दै माधव समूहका २२ सांसदले विपक्षी दलका नेता देउवालाई प्रधानमन्त्री बनाउन हस्ताक्षर गरेका र श्रावण ३ गते उनलाई विश्वासको मत समेत दिएका थिए । नेकपा एमालेलाई एकीकृत गर्न भन्दै पार्टी अध्यक्ष ओली र नेता नेपालको सहभागिता दुवै तर्फका ५/५ जना राखेर कार्यदल बनाइएको थियो । सो कार्यदलले आफ्नो प्रतिवेदन तयार गरेर दुवै नेतालाई बुझाईसकेको भएपनि माधव नेपालले त्यसलाई स्वीकार नगरि दिनहुँ माग माथि माग थप्दै गएका हुनाले पार्टी एकता अन्योलमा परेकै समयमा पुष्पकमल दाहालले पटक पटक माधव नेपाललाई भेटेर नेकपा एमालेमा नफर्किन दबाब दिईरहेका छन् ।

दाहाल माधव समूह सरकारमा सहभागि होस् भन्ने चाहान्छ सरकारमा सहभागि भएको खण्डमा नेकपा एमाले बैधानिक रूपमै विभाजन हुन सक्ने ठहर दाहालको भएपनि दल विभाजन सम्बन्धी ऐनमा भएको व्यवस्थानुसार पार्टी विभाजन गराउन पार्टीको संसदीय दल र केन्द्रीय कमिटी दुवैमा ४० प्रतिशत पुग्नुपर्ने व्यवस्था रहेको छ । माधव समूहमा त्यो संख्या नपुग्ने भएकाले नेपाललाई विभाजन गराईदिन देउवा सरकारलाई दल विभाजन सम्बन्धी ऐन ल्याईदिन दाहालले आग्रह गरिरहेका छन् ।

नेपाली कांग्रेस र माओवादी केन्द्र जसरी भएपनि नेकपा एमाले विभाजन होस् भन्ने चाहिरहेका छन् । संसदको प्रमुख प्रतिपक्षी दल विभाजन भए त्यसको प्रत्यक्ष फाइदा आफूहरूलाई पुग्ने उनीहरूको ठहर रहेको छ भने देउवा सरकारलाई दिएको विश्वासको मत कसैले फिर्ता लिईदिएको अवस्थामा काग्रेसको ६१, माओवादी केन्द्रको ४९ उपेन्द्र यादव पक्षको २० र राष्ट्रिय जनमोर्चाको १ गरी १ सय ३१ मत मात्र हुने भएकाले देउवा सरकारलाई बचाई राख्न पनि देउवा दाहालले माधव नेपाल समूहलाई सरकारमा सहभागि हुन पटक पटक आग्रह गरिरहेका छन् । देउवा सरकार अल्पमतमा परेपनि सम्वैधानिक व्यवस्था अनुसार उनले संसद विघटन गरी ६ महिनाभित्रमा प्रतिनिधिसभाको निर्वाचन गराउन सक्ने सुविधा देउवालाई रहेको छ तर कांग्रेस लगायतका माओवादी केन्द्र उपेन्द्र यादव पक्षको जसपा र माधव समूहले प्रतिनिधिसभाको विघटनलाई विरोध गरेका हुनाले फेरी प्रतिनिधिसभा विघटन गर्नुपर्ने अवस्था आएमा तत्कालिन प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा विघटन गरेको ठीक रहेछ भन्ने सन्देश जनतामा जाने डरले कांग्रेस, माओवादी केन्द्र, माधव समूह र जसपा अहिलेको प्रतिनिधिसभा पूरा कार्यकालसम्म चलोस् भन्ने चाहन्छन् । तर माधव समूह विभाजित नभएसम्म त्यो सम्भव देखिएको छैन । माधव समूह अहिले सत्तापक्ष पनि प्रमुख विपक्षी दल पनि जस्तो देखिएकोले अब नेकपा एमालेले कठोर निर्णय गर्नुपर्ने आवश्यकता देखिन्छ । ऊ संसदको प्रमुख प्रतिपक्षी दल हो भन्ने आभास जनतामा त्यसवेला मात्र हुनेछ ।

## माधव नेपालका...

समुह लागि परेको हुनाले आफ्नै पार्टी अध्यक्षको नेतृत्वमा रहेको केपी ओली सरकार ढलेको थियो । प्रधानमन्त्री ओलीले विश्वासको मत लिने दिन २०७८ वैशाख २७ गते माधव समुहका २२ सांसद ससदमा अनुपस्थित रहे । त्यही कारण प्रधानमन्त्री ओलीले विश्वासको मत लिन सकेनन् । विघटन भएको संसद पुन :स्थापना भयो । काग्रेसका सभापति शेरवहादुर देउवा प्रधानमन्त्री बने , संसद सञ्चालन भएको छ । माधव समुहको माग पुरा भएपनि उनी नेकपा एमालेमा रहने वा नयाँ दल दर्ता गर्ने भन्नेमा अनिर्णयको बन्दी बन्दै गएका छन् ।

नेकपा एमालेलाई विभाजन गराउन उनीहरूसँग आवश्यक संख्या नपुग्ने भएकाले गर्दा उनी सरकारमा सहभागी हुन सकेका छैनन् भने नयाँ दल दर्ता गराउन पनि सकेका छैनन् । देउवा सरकारले दल विभाजन सम्बन्धी अध्यादेश ल्याएर दल विभाजनलाई सहज वनाईदियोस् भन्ने माधव समुहको चाहाना भएपनि यदि त्यसो भएमा जसपापनि वैधानिक रूपमा विभाजन हुन सक्ने भएकाले देउवा सरकारले त्यस्तो अध्यादेश ल्याउन चाहिरहेका छैनन् ।

पछिल्लो समयमा माधव नेपाल समहले फेरि नयाँ माग पार्टीसग राखेको छ । वर्तमान ससद पुरै अवधि चल्न दिनुपर्ने ग्यारेण्टी पार्टीवाट अध्यक्षले दिनु पर्ने । पार्टी अध्यक्ष र आफु पार्टीवाट विदा लिएर दोस्रो पुस्तालाई नेतृत्वमा हस्ताक्षर गर्न पर्ने र यदि त्यसो नभएको खण्डमा ओली सहित झलनाथ खनाल र वामदेव गौतम रहेको अध्यक्ष मण्डलको गठन गर्नुपर्ने यदि त्यसो भएको खण्डमा पार्टी एकता हुन्छ भन्ने माग माधव समुहको रहेको हुनाले माधव नेपाल कुनै सर्तमा पनि नेकपा एमालेमा फर्किन चाहदैनन् भन्ने प्रष्ट भएको छ । महाधिवेशनवाट निर्वाचित अध्यक्षलाई अर्को महाधिवेशन नभएसम्म अध्यक्षपद छोड् भन्नु कुन विधि विधान र पद्वती भीत्र पर्दछ ।

माधव नेपाललाई प्राय प्रत्येक दिन पुष्पकमल दाहालले गोप्य मन्त्रणा दिई रहेका हुनाले उनी दाहालकै सल्लाह अनुसार अघि वढ्दै गरेका हुनाले उनको नियत प्रष्ट हुदै गएको छ । आफ्नै पार्टीका अध्यक्षको नेतृत्वमा रहेको सरकार ढालेर ठूलो वहादुरी गरेका छौ भन्नुलाई इतिहासले पनि धिर्कार सक्छ । आफ्नो घर ध्वस्त पार्नेलाई इतिहासले माफ गर्ला र ?

## आफ्नो...

दाहालको रहेको छ । कांग्रेससँगको अहिलेको गठबन्धनलाई आउँदो स्थानीय तहदेखि प्रदेशसभाको निर्वाचन र प्रतिनिधिसभाको निर्वाचनसम्म लान सकेके खण्डमा आफ्नो पार्टीलाई फाइदा हुने आकंलन गरेर नै दाहालले मित्री रूपमा माधव समूहलाई नेकपा एमालेमा नजान दबाब दिईरहेका छन् । नेपाली कांग्रेस समेत नेकपा एमाले विभाजित नै होस् भन्ने चाहिरहेको छ । यदि नेकपा एमाले विभाजित भएको खण्डमा त्यसको फाइदा आफ्नो पार्टीलाई हुने र स्थानीय तह हुँदै प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन समेत आफ्नो पार्टीले बहुमत ल्याउन सक्ने आंकलन कांग्रेसले गरेको छ । पार्टी एकताका लागि पार्टी अध्यक्ष केपी ओलीसँग राजनैतिक र सैद्धान्तिक अडान राखेकाले माधव नेपाललाई निर्णय नि कठिनाई भईरहेको छ ।

माओवादी केन्द्रका अध्यक्ष दाहाल माधव नेपाललाई भेट्न माधव नेपालको निवासमै पुग्ने गरेका छन् । माधव समूहले पार्टी अध्यक्ष ओलीले २/२ पटक प्रतिनिधिसभाको विघटन गरेर गलत गरेको र पुनस्थापित भएको प्रतिनिधिसभालाई पुरा कार्यकाल राख्नु पर्ने सर्त अघि सारेका छन् । पार्टी अध्यक्ष ओलीले भने विघटनलाई बाध्यकारी र अनिवार्य भएको बताएँदै आएका हुनाले अहिलेकै अवस्थामा माधव समूहको माग स्वीकार गर्न ओली तयार हुन सक्ने अवस्था देखिएको छैन । प्रतिनिधिसभा विघटन हुनुमा माधव नेपाल समूह समेत दोषी रहेको छ । तत्कालिन प्रधानमन्त्री ओलीलाई २०७८ वैशाख २७ गते संसदमा विश्वासको मत दिएको भए दोस्रो पटक प्रतिनिधि सभा विघटन नै हुने थिएन तर माधव समूहले आफ्नो गल्तीलाई स्वीकार गर्नुको बदला सबै गल्ती पार्टी अध्यक्षले गरेको आरोप लगाउनु आफ्नो आङ्को मैंसी नदेख्नु र अरूको आङ्को जुम्रा देख्नु सरह मात्र हो ।

## तुइन...

जिवन यापन गर्न र दार्चुला सदरमुकाम पुग्न सक्ने अवस्था छैन ।

दार्चुला जिल्लाको अवस्था वुभ्दा वुभ्दै पनि नेपाल सरकारले दार्चुलाको सदरमुकाम पुग्ने वाटो तिव्ररूपमा वनाउने पहल गरेको देखिदैन । त्यँहाका जनताले सहज रूपमा जिवन यापन गर्न र आफ्नो भूमीवाट आफ्नै जिल्लाको सदरमुकाम पुग्न अझै कतिले ज्यान गुमाउन पर्ने हो । जानीजानी तुइन काटेर आफ्ना जनताको हत्या हुदाँ समेत शेरवहादुर देउवा सरकारले भारतीय समकक्षीसँग कुरा गरेर हत्यामा संलग्न भएका (एसएसवी )का सुरक्षा कर्मीलाई कारवाही र ज्यान गुमाएका धामीका परिवारलाई क्षतिपूर्ति दिलाउन किन विलम्व गरी रहेका छ । यस्तो घटना हुँदा समेत परराष्ट्र मन्त्रालय र भारतमा रहेको नेपाली राजदुतवास समेत किन मौन । भारतीय प्रशासनले यो घटनालाई र्दुघटना भनेर पुष्टीकरण दिएको भएपनि प्रत्यक्षदर्शीहरूले त्यसलाई हत्या नै भनेका हुनाले यस्को सत्यतथ्य वाहिर ल्याउन छानविन हुनुपर्दछ । तुईनवाट वारवार गर्दा ज्यान गुमाउने जयसिंहधामी पहिलो व्यक्ति होइन । पछिल्लो समयमा तुईन वाट वारपार गर्दा धेरै नेपाली जनताले ज्यान गुमाउदै आएका छन् । सरकारी पहल फितलो हुँदा यस्ता घटना पटक पटक दोहोरीने गरेका हुनाले त्यसको समाधानका लागि सिंगो सरकारले ध्यान पुऱ्याउनु पर्दछ र पिडित परिवारलाई उचित क्षतिपूर्ति समेत दिलाउनु पर्दछ ।

## विघटन...

गर्न उनीहरूले प्रतिनिधिसभाको पुरै कार्यकाल सम्म रहोस् भन्ने चाहेका छन् । यो उनीहरूको बाध्यता हो । ओलीलाई गलत देखाउन त्यही कारणले गर्दा उनीहरु माधव समुहलाई सरकारमा सहभागी गराउन लागि परेका छन् । माधव नेपाल समुहलाई सरकारमा सहभागी गराउनको अर्को रहस्य हो सरकारको बहुमत सुरक्षित राख्नु । माधव समुहका २२ सासदले देउवालाई विश्वासको मत दिएका थिए । यो टिक्ने गणित होइन काग्रेसका ६१ माओवादी केन्द्रका ४९ जसपाका २० र राष्ट्रिय जनमोर्चाका १ गरी जम्मा १ सय ३१ सासदमा सरकारका पक्षमा रहेका छन् । सरकारलाई बहुमतका लागि थप ५ संसदको आवश्यता पर्दछ । निर्वाचन आयोले जसपाको उपेन्द्र यादव पक्षलाई मान्यता दिएकोले गर्दा महन्थ ठाकुर पक्षका ५ सासद यादव पक्षमा गए ,सरकारको पक्षमा वहुमत पुग्छ त्यसवेला मात्र हालका प्रतिनिधिसभाले आफ्नो कार्यकाल पुरा गर्न सक्छ । जसपाका महन्थ ठाकुर पक्षलाई जसपाले हटाएको खण्डमा पनि सरकारका पक्षमा बहुमत हुन्छ । त्यो सम्भावना भने न्यून रहेको छ । यदि माधव समुह सरकारमा सहभागी भएको खण्डमा सरकार बहुमत मै रहने भएकाले गर्दा देउवा दाहाल माधव समुहलाई सरकारमा सहभागी गराउन चाहिरहेका हुन् ।

माधव समुहका २२ र महन्थ ठाकुर पक्षका १२ सासदले सरकारलाई दिएको समर्थन फिर्ता लिएको खण्डमा सरकारको पक्षमा १ सय ३१ मात्र हुने र देउवा सरकार अल्पमत पर्ने सम्भावना देखिए पछि देउवाले प्रतिनिधिसभा विघटन गरी निर्वाचन गराउनु पर्ने सम्वैधानिक वाध्यता रहेको छ । फेरी प्रतिनिधिसभा विघटन भए तत्कालीन प्रधानमन्त्री केपी ओलीले विघटन गरेको ठीक रहेछ भने सन्देश जनतामा जाने भएकाले त्यसलाई रोक्नका लागि माधव समुह लाई पार्टी विभाजनै गराएर भएपनि सरकारमा सहभागी गराउन देउवा दाहाल लागि परेका छन् । माधव समुह सासद सरकारमा सहभागी भएको खण्डमा उनीहरूको पद स्वत रिक्त हुने भएको बहुमतका लागि संख्या घट्ने हुँदा पनि सरकारको पक्षमा बहुमत रहने आकलन देउवा दाहालको रहेको छ ।

## कुलमान...

नतिजा ल्याए, दिए । जनताको मन जिते । उनलाई विजुली नै किन, नेपाल एयरलाइन्सको लथालिङ्ग ठिक पार्न पठाए हुन्न र ?

उनलाई विद्युतमै ल्याउनुपर्ने भए विद्युतका शाक्यलाई इज्जतका साथ अर्को जिम्मेवारी दिन सकिन्छ । उनले गलत गरेको भए दण्डित गरिनुपर्छ । प्रधानमन्त्रीले उर्जामन्त्रीलाई आदेश दिएछन्- कुलमानलाई विद्युत प्राधिकरणको जिम्मेवारी दिनु । प्रजातान्त्रिक प्रधानमन्त्रीले फर्मान जारी गर्ने हो यसरी ?

मुख्य कुरो के हो भने हरेक सक्षमलाई जिम्मेवारी दिनुपर्छ । हाम्रालाई होइन राम्रालाई जिम्मेवारी दिनुपर्छ । तर तरिका मिलाएर । बकस दिने शैलीमा होइन । खुलेआम टीभी समाचार मै आउने गरी हुकुम दिएको सुहाएन है ।

## भारतको...

भारतलाई खुशी पार्न हत्यालाई दबाउने प्रयास गरिरहेछ । ४ वर्षअघि गोविन्द गौतमलाई पनि भारतले गोली ठोकेर माऱ्यो । देउवा सरकार थियो, शहीद बनाएर १० लाख दियो तर भारतलाई किन मारेको भनेर सोध्न सकेन । यसपल्ट जयसिंह धामीलाई माऱ्यो, सरकारले किन मारेको ? यतिसम्मको अमानवीय व्यवहार किन देखाएको भनेर भन्न सकेन । भारतले माफी माग्नुपर्थ्यो, क्षतिपूर्ति दिनुपर्थ्यो र आइन्दा यस्ता अमानवीय कार्य हुनेछैन भन्नुपर्थ्यो । यहाँ त मारिने नेपाली, समस्या छोपछाप पार्ने नेपाल सरकार । नुनतेल कमाउन भारत जानैपर्ने बाध्यता छ, देशमा भ्रष्टाचारमात्र हुन्छ । आन्दोलनमा मर्ने जनता, तुइनबाट खसालिने जनता, ठगिने र लुटिने जनता । जनता किन यतिसम्म सोफा भएका ?





**अधिक वर्षाको सममा पानीजन्य प्रकोपको जोखिमबाट बचौं**

- बाढी पस्न सक्ने तथा डुबानमा पर्न सक्ने स्थानहरूमा पूर्व सूचना प्रणालीको व्यवस्था गरौं ।
- डुबान हुन क्षेत्रहरूमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाइप) चालु अवस्थामा राखौं ।
- बाढी तथा पानीको बहाव बढेको जानकारी दिन साइरन जडान, एसएमएस, समाजिक सञ्जाल तथा आमसञ्चार माध्यमलाई तयारी अवस्थामा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७८०२९५, मो. : ९८४१२५४८८५ • इमेल : abhiyanweekly40@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार